# नेपालमा
# खानेपानी र सरसफाइमा
## बालबालिका, महिला तथा सामाजिक बहिस्करणमा परेका व्यक्तिहरूको अधिकार



खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल (फेडवासन)

**खण्ड एक**

# परिचय

## १.१ पृष्ठभूमी

मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र घोषणाहरुले खानेपानी र सरसफाइको अधिकारलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गरिसकेका छन् । संयुक्त राष्ट्रसंघले सन् २०१० मा सुरक्षित खानेपानी र सरसफाइको पहुँचलाई मानव अधिकारको रुपमा घोषणा गरेको थियो । यसका साथै विभिन्न मानव अधिकारको उपभोगका लागि सुरक्षित खानेपानी र आधारभूत सरसफाइको अधिकार एउटा महत्वपूर्ण आधारको रुपमा रहेको छ । त्यसैले यस अधिकारलाई मूर्तरुप दिनको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा विभिन्न नीति, कानून र कार्यक्रमहरु तर्जुमा गरी लागु गरिदै आएको छ ।

सहश्राव्दी विकास लक्ष्य प्राप्तिका लागि सुरक्षित खानेपानी र आधारभूत सरसफाइमा दिगो पहुँचबाट वञ्चित जनसंख्याको अनुपातलाई सन् २०१५ सम्ममा आधा घटाउने लक्ष्य लिइएको छ । यद्यपि, विश्व स्वास्थ्य संगठनका अनुसार हालसम्मको विश्वव्यापी अवस्था हेर्ने हो भने ८८४ लाख मानिसहरु सुरक्षित खानेपानीको पहुँचबाट बञ्चित रहेका छन् भने २.६ करोड मानिसहरु आधारभूत स्वास्थ्य र सरसफाइ सेवाको पहुँचबाट टाढा रहेका छन् ।

> **सहश्राब्दी विकास लक्ष्य**
>
> संयुक्त राष्ट्रसंघीय सहश्राव्दी विकास लक्ष्यमा ८ वटा लक्ष्यहरु समावेश गरिएका छन्, जसमध्ये खानेपनी तथा सरसफाइको विषय ७औं लक्ष्यमा पर्दछ । सन् २००० मा संयुक्त राष्ट्रसंघका सबै १९१ देशहरुले गरिबी, भोकमरी, रोग, अशिक्षा, वातावरणीय विनास र महिलामाथि हुने भेदभाव विरुद्ध संघर्ष गर्नका लागि हस्ताक्षर गरेको यस सहश्राव्दी विकास लक्ष्यमा उल्लिखित सबै लक्ष्यहरुलाई सन् २०१५ सम्म प्राप्त गर्ने प्रयत्नहरु भइरहेका छन् । यसको उद्देश्य ७ (लक्ष्य १०) अनुसार “*सन् २०१५ सम्ममा सुरक्षित खानेपानी र आधारभूत सरसफाइमा दिगो पहुँच नपुगेका जनसंख्यालाई आधाकम गर्ने* भनिएको छ ।

नेपालको सन्दर्भमा सुरक्षित खानेपानीको स्रोतमा दिगो रुपमा पहुँच हुने जनसंख्याको अनुपात ८० प्रतिशत छ भने सुरक्षित सरसफाइ (शौचालय) मा दिगो रुपमा पहुँच हुने जनसंख्याको अनुपात ४३ प्रतिशत मात्र रहेको छ (नेपाल सरकार, २०६८) । यसरी नेपालमा पनि जनसंख्याको एउटा ठूलो हिस्सा सुरक्षित खानेपानी र आधारभूत सरसफाइको अधिकारबाट बञ्चित रहेको छ । त्यस्तै विभिन्न अध्ययनले देखाए अनुसार दुषित खानेपानीबाट सृजित रोग र सरसफाइको कमीका कारण नेपालमा प्रत्येक वर्ष सरदर १३ हजार बाल- वालिकाको ज्यान गुम्छ र यो मृत्युदरमा आशातित् कमी आउन सकेको छैन ।

नेपालको ग्रामीण र सहरी दुबै क्षेत्रमा खानेपानी अधिकारको विषयमा सिर्जित घरायसी हिंसा र सामाजिक विवादबाट मुख्य रुपमा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेकाहरु पिडित हुँदै आएका छन् । खानेपानीबाट सिर्जित रोगका कारण महिला र बालबालिकाको बढदो उपचार खर्च, पानी बोक्ने अतिरिक्त समय खर्चका कारण बालिकाहरुको शिक्षामा असर, खानेपानी सङ्कलन गर्ने महिला र बालबालिकाको जिम्मेवारी हुने भनी शोषणमा आधारित घरायसी श्रम विभाजन संस्कारको विकास जस्ता कार्यले गर्दा महिला र बालबालिकाको सिङ्गो जीवनचक्र नै प्रभावित हुँदै आएको छ । त्यस्तै पानीमाथिको पहुँच र अधिकार चाँही शक्ति र स्वाभिमानको आधार भएपनि यसमा महिला र मुख्यतया दलित समुदायको अधिकार अभावका कारण महिला र दलितको शक्ति र स्वाभिमानमा समेत आघात पर्दै आएको छ ।

निरन्तर रुपमा बढदै गएको जनसंख्या र आर्थिक गतिविधिका कारण खानेपानी आपूर्ती र सरसफाइको माग पनि निरन्तर रुपमा बढदै गएको छ । त्यसैले आगामी दिनमा जनसंख्याको ठूलो हिस्सा सुरक्षित खानेपानी र आधारभूत सरसफाइको पहुँचबाट टाढा रहिरहने अवस्था छ । यसबाट खासगरी महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको जीवनका विभिन्न पक्षहरुमा प्रत्यक्ष र गम्भिर असर पर्ने कुरा स्पष्ट नै रहेको छ ।

खानेपानी तथा सरसफाइको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा र सहश्राब्दी विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यस्तो अवस्थामा खानेपानी र सरसफाइ सम्बन्धी अधिकारको अवधारणा र व्यवस्थाको प्रभावकारीता पनि सोचनीय अवस्थामा छ । यद्यपि, खानेपानी र सरसफाइ सम्बन्धी अधिकारका

बारेमा तर्जुमा भएका अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई राष्ट्रिय नीति तथा कानूनमा उपयुक्त स्थान दिन सकेमा खानेपानी र सरसफाइ सम्बन्धी अधिकार कार्यान्वयन गर्ने आधारहरु सिर्जना हुन सक्दछन् ।

सुरक्षित खानेपानी र आधारभूत सरसफाइ सम्बन्धी अधिकार समग्र मानव समुदायका लागि साझा चासोको विषय हो । यद्यपि, यसमा खासगरी महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको अधिकारको विषय निकै टड्कारो रुपमा खड्किदै आएको छ । त्यसैले यहाँ खासगरी दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको सुरक्षित खानेपानी र आधारभूत सरसफाइको अधिकारका सन्दर्भमा गरिएका अन्तर्राष्ट्रिय व्यवस्थाहरुको चर्चा गर्दै उक्त व्यवस्था कार्यान्वयनको लागि नेपालमा गरिएका नीतिगत र कानुनी व्यवस्थाको समीक्षा गरिएको छ । यस समीक्षाका क्रममा खानेपानी र सरसफाइमा खासगरी यी वर्गको पहुँच र अधिकारका लागि नेपालमा गरिएका नीतिगत र कानुनी व्यवस्थाका सवल पक्ष र कमी कमजोरीलाई उजागर गरिएको छ । अन्त्यमा, खानेपानी तथा सरसफाइमा बालबालिका, महिला, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको अधिकार सुनिश्चितताका लागि विद्यमान नीति तथा कानूनमा सुधार, परिवर्तन र थप गरिनुपर्ने विषयवस्तु औंल्याउँदै केही सुझावहरु प्रस्ताव गरिएको छ ।

## १.२ अध्ययन विधि

यो पुस्तिका तयारीका क्रममा खासगरी सुरक्षित खानेपानी र आधारभूत सरसफाइका विषयमा गरिएका अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, विश्वव्यापी घोषणाहरु र नेपालमा रहेका विद्यमान नीतिगत र कानुनी व्यवस्थाहरुको अध्ययन र विश्लेषण गरिएको थियो । यी दस्तावेजहरुको अध्ययन र विश्लेषणका क्रममा मुख्यतया बालबालिका, महिला, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको सुरक्षित खानेपानी र आधारभूत सरसफाइ सम्बन्धी अधिकारका बारेमा गरिएका व्यवस्थाहरुलाई विशेष ध्यान दिइएको छ । पुस्तिका तयारीका क्रममा नीतिगत र कानुनी समीक्षालाई टेवा पुऱ्याउने वा पुष्टि गर्ने विभिन्न प्रतिवेदनको पनि अध्ययन गरिएको थियो । त्यस्तै नीतिगत र कानुनी व्यवस्था कार्यान्वयनको अवस्था र सुधार गर्नुपर्ने विषयवस्तु पहिचानको लागि विभिन्न अध्ययन प्रतिवेदनका अतिरिक्त खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालले आयोजना गरेका परामर्श र क्षमता अभिवृद्धि कार्यक्रमबाट प्राप्त चासो एवं सुझावहरुलाई पनि आधार मानिएको छ ।

## १.३ उद्देश्य

यस पुस्तिकाको मुख्य उद्देश्य बालबालिका, महिला, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको सुरक्षित खानेपानी र आधारभूत सरसफाइ सम्बन्धी अधिकारको बारेमा तर्जुमा गरिएका अन्तर्राष्ट्रिय कानुनी व्यवस्था र नेपालको नीतिगत एवं कानुनी व्यवस्थाको बारेमा समीक्षा गर्नु रहेको छ । अध्ययनका अन्य उद्देश्यहरुमा यस विषयमा रहेका विद्यमान नीति, कानून र कार्यक्रममा रहेका कमी कमजोरी र सुधार गर्नुपर्ने विषयवस्तुहरु पहिचान गरी नीतिगत एवम् कानुनी सुधार गर्नुपर्ने विषयहरुलाई सुझावको रुपमा प्रस्तुत गर्नु रहेको छ ।

**खण्ड दुई**

# खानेपानी र सरसफाइ अधिकार

## २.१ खानेपानी र सरसफाइमा अधिकारमुखी अवधारणा

खानेपानी र सरसफाइ आर्थिक र पर्यावरणीय विषयका साथसाथै सामाजिक विषय पनि हो । त्यसैले मानव अधिकारको रुपमा खानेपानी र सरसफाइ अधिकारको प्रसङ्ग आउँदा सामाजिक र कानुनी विषयले महत्व पाउने भए तापनि खानेपानी र सरसफाइको पर्यावरणीय र आर्थिक पक्षलाई पनि बिर्सनु हुँदैन । खानेपानी र सरसफाइ अधिकारको अवधारणा एउटा बृहत अवधारणाको रुपमा रहेको छ, जस अन्तर्गत आवश्यक मात्रामा शुद्ध किसिमको खानेपानीमा पर्याप्त पहुँचसम्मका कुराहरु पर्दछन् । खानेपानी र सरसफाइ माथिको पहुँच भन्नाले सबै व्यक्तिको आर्थिक क्षमताले धान्न सक्ने गरी खानेपानी र सरसफाइ प्राप्त हुने अवस्था हो भने पर्याप्त पहुँचले आवश्यक मात्रामा शुद्ध खानेपानी र पर्याप्त सरसफाइमाथिको पहुँचलाई इङ्गित गर्दछ । यस आधारमा खानेपानी र सरसफाइ अधिकारको अवधारणाले पानी र सरसफाइको मात्रा, उपलब्धता र शुद्धताका अतिरिक्त खानेपानी र सरसफाइमाथिको सबै व्यक्तिको आधारभूत अधिकारलाई पनि समेटेको छ । खानेपानी र सरसफाइ सबैका लागि महत्वको विषय भएपनि खासगरी बञ्चितिकरणमा परेका महिला पुरुषका लागि यसको विशेष महत्व भएकोले यहाँ यही विषयमा छलफल केन्द्रित गरिएको छ ।

सन् १९७७ मा सम्पन्न भएको पानी सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनबाट नै खानेपानी तथा सरसफाइलाई आधारभूत आवश्यकताको वस्तु मात्र नभई मानिसका लागि आधारभूत मानव अधिकारको विषय हो भन्ने कुरा मान्नु पर्ने अवधारणाको विकास भएको हो । त्यसपछि खासगरी बालबालिका, महिला, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति र उच्च जोखिममा परेकाहरुको अधिकारका बिषयमा तर्जुमा भएका मानव अधिकार सम्बन्धी कैयौं अन्तर्राष्ट्रिय कानूनहरुमा खानेपानी र सरसफाइलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गरिएको छ । त्यस्तै यस अवधारणालाई व्यवहारिक रुप दिनका लागि जारी भएका घोषणा, कार्ययोजना र प्रतिवद्धताहरुले पनि खानेपानी र सरसफाइको अधिकारलाई मानव अधिकारको रुपमा स्थापित गर्न निकै टेवा पुऱ्याएका छन् । विगत केही वर्षदेखी त अन्तर्राष्ट्रिय दायित्व निर्वाहका लागि राष्ट्रहरुले खानेपानी र सरसफाइको अधिकारलाई संविधानमा नै मौलिक हकको रुपमा राख्ने प्रचलनले निकै तिब्रता पाएको छ, जसबाट खानेपानी र सरसफाइको अधिकारले पूर्णता पाउने अवसर समेत सिर्जना भएको छ ।

## २.२ खानेपानी र सरसफाइ अधिकारका मापदण्डहरु

खानेपानी र सरसफाइको अधिकारलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गर्नका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले सन् २००२ मा गरेको टिप्पणी नं. १५ मा उल्लिखित कुराहरु नै सबैभन्दा महत्वपूर्ण मापदण्डको रुपमा रहेका छन् । खानेपानी र सरसफाइको अधिकार सम्बन्धी उक्त टिप्पणी नं. १५ मा उल्लिखित महत्वपूर्ण मापदण्डहरु निम्न अनुसार रहेका छन् :

| अवधारणा | मापदण्डहरु |
|---|---|
| पर्याप्त खानेपानी | • विश्व स्वास्थ्य संगठनका अनुसार पर्याप्त पानी पाएको कुरा मान्नका लागि प्रतिव्यक्ति प्रतिदिन ५०-१०० लीटर पानी उपलब्ध हुनुपर्ने ।<br>• त्यस्तै पानीको अति अभावको स्थितिमा पनि प्रतिव्यक्ति दैनिक न्यूनतम २० लिटर पानी उपलब्ध हुनुपर्ने । |
| गुणस्तरीय खानेपानी | शुद्ध, किटाणु रहित, केमिकल रहित, घातक परावैजनिक पदार्थ नमिसिएको, मिसावट निषेध गरिएको, स्वास्थ्यको सुरक्षा गर्ने र पानीको रङ तथा स्वाद प्राकृतिक किसिमको भएको पानीलाई मात्र गुणस्तरीय पानी मान्न सकिने । |
| खानेपानी र सरसफाइमा पहुँच | • खानेपानीको स्रोत घरबाट १ कीमी दुरीभित्र हुनुपर्ने वा<br>• खानेपानी संकलन ३० मीनटभित्रमा गर्न सकिने स्थान र अवस्थामा हुनुपर्ने । |
| आर्थिक रुपमा थेग्न सक्ने गरी खानेपानी आपूर्ति | • थेग्न सक्ने गरी खानेपानीको दस्तुर तथा मूल्य कायम गर्नुपर्ने,<br>• युएनडीपीका अनुसार घरको आम्दानीको ३ प्रतिशत भन्दा बढी रकम खानेपानीका लागि खर्च गर्नुपर्ने अवस्था हुन नहुने । |

| | |
|---|---|
| खोनेपानी उपलब्धताको प्राथमिकताक्रम | ● पानी उपयोगमा आधारभूत आवश्यकता (घरायसी उपयोग जस्तै : खानेपानी, नुवाई धुवाई, खाना पकाउन, व्यक्तिगत सरसफाइ आदि) लाई पहिलो प्राथमिकता दिनुपर्ने । |
| खानेपानी उपयोगमा भेदभाव निषेध | ● खानेपानीको उपभोगामा कुनैपनि आधारमा विभेद, निकाला, प्रतिवन्ध, वहिष्कार आदि गर्न नपाइने ।<br>● विपन्नता, बञ्चितिकरण र उच्च जोखिममा परेका कारण खानेपानीको अधिकारबाट बञ्चित हुने अवस्था हुन नहुने र यस्तो अवस्थामा राज्यले सहयोग गर्नुपर्ने |
| सहभागिता र सूचनाको अधिकार | ● खानेपानी तथा सरसफाइ सम्बन्धी सबै किसिमका निर्णय प्रक्रियमा सम्बन्धित सबै महिला पुरुषको सहभागिता र जानकारी पाउने हक सुनिश्चित् गरिएको हुनुपर्ने । |

स्रोतः संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको टिप्पणी नं. १५

(क) **खानेपानीमा पहुँच** : खानेपानीमा पहुँच भन्नाले कम्तिमा पनि निम्न कुराहरु सुनिश्चितता भएको हुनुपर्छ :

***भौतिक रुपमा सहज पहुँच :*** खानेपानीमा पहुँचका लागि पहिलो कुरा भौतिक रुपमा सुरक्षित किसिमले र नजिकबाट पानी संकलन गर्न पाउनु पर्ने हुन्छ । टाढाबाट खानेपानी संकलन गर्नुपर्ने अवस्था रहँदासम्म खासगरी बालिकाहरुले स्कूल छोड्नु पर्ने र महिलाहरु भौतिक आक्रमण वा यौन शोषणको शिकार बन्नु पर्ने अवस्था रहिरहन्छ ।

***आर्थिक रुपमा सहज पहुँच :*** खानेपानी र सरसफाइको महसुल तथा शुल्क विपन्न वर्गले पनि थेग्न सक्ने किसिमको हुनुपर्छ । अन्यथा खासगरी विपन्न वर्गका मानिसहरु खानेपानीको पहुँचबाट बञ्चित हुन पुग्दछन् ।

***भेदभावविहिनता :*** खानेपानी र सरसफाइ सेवाको उपयोगमा खासगरी बालबालिका र जोखिममा परेका एवं सामाजिक रुपमा पछाडी पारिएका वर्गलाई विशेष महत्व दिनुपर्ने हुन्छ । त्यस्तै खानेपानीको उपयोगमा जातजाति, धर्म, वर्ण, भोषभूषा, भाषा, संस्कृति, धनी गरिव एवं महिला पुरुष भनी भेदभाव गर्न पाइदैन ।

(ख) **खानेपानीको गुणस्तर** : विश्व स्वास्थ्य सङ्गठनले सन् १९९३ मा बनाएको मापदण्डमा सबै देशहरुलाई आफ्नो देशको सन्दर्भमा खानेपानी गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड बनाउन आग्रह गरेको छ । यस्तो मापदण्ड अनुसारको खानेपानी आपूर्ति भएमा मात्र स्वास्थ्यका लागि घातक रोगहरुबाट जोगिन सकिन्छ ।

(ग) **खानेपानीको पर्याप्तता** पानी उपयोगका विभिन्न क्षेत्रहरु भए तापनि खानेपानी जस्तो आधारभूत मानवीय आवश्यकता पूरा भएपछि मात्र अन्य प्रयोजनका लागि पानी उपयोग गर्नुपर्छ । मानवको आधारभूत आवश्यकता (पीउन, नुहाउन, सरसफाइ गर्न, खाना पकाउन र शौचालय जान) का लागि दैनिक रुपमा कति पानी आवश्यक पर्छ भन्ने बारेमा विश्व स्वास्थ्य सङ्गठन, विश्व बैंक र विभिन्न दातृ निकायका भिन्न भिन्न सूचकहरु रहेका छन । त्यस्तै प्रत्येक देशहरुले आफ्नो क्षमता अनुसार आफ्ना नागरिकलाई प्रतिदिन उपलब्ध गराउने पानीको मात्रा फरक फरक रुपमा निर्धारण गरिएको पाइन्छ ।

**पानीको घरायसी उपयोग**

पानीको घरासयी उपयोग भन्नाले सामान्यतया पानी पीउने, नहाउने, कपडा धुने, खाना तयार गर्ने र व्यक्ति तथा घरको सरसफाइ गर्ने कार्यलाई जनाउँछ ।

(घ) **खानेपानी र सरसफाइ अधिकारका प्रक्रियागत मान्यताहरु :** खानेपानी तथा सरसफाइ अधिकारको सुनिश्चितताका लागि राज्यले पुरा गर्नुपर्ने विभिन्न किसिमका प्रक्रियागत दायित्वहरुको पनि निकै महत्व रहेको हुन्छ, जसमध्ये केही महत्वपूर्ण प्रक्रियागत दायित्वहरु निम्न अनुसार रहेका छन् :

***सूचनाको हक :*** प्रत्येक नागरिकलाई खानेपानीसँग सम्बन्धित विषयवस्तु र यसको गुणस्तरका साथै खानेपानी सम्बन्धी नीति, कानून र कार्यक्रमहरुको बारेमा जानकारी पाउने हक रहेको हुन्छ । सूचनाको हकले खानेपानीका सन्दर्भमा पारदर्शिता कायम गर्न मद्दत गर्दछ । नेपालमा पनि सूचनाको हक सम्बन्धी कानून विद्यमान रहेकोले यसका आधारमा नागरिकले खानेपानीका सन्दर्भमा आफूलाई आवश्यक परेको सूचना माग गर्न सक्दछन् ।

***पूर्ण र प्रभावकारी सहभागिता :*** खानेपानीमा सहभागिताको अधिकार सुनिश्चितता भएको खण्डमा मात्र निर्णय प्रक्रियामा पारदर्शिता र अपनत्व, जवाफदेहिता र क्षमता अभिवृद्धि गर्न समेत मद्दत गर्दछ । नेपालमा तर्जुमा गरिएका खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा मार्गदर्शनहरुमा पनि सहभागिताका लागि विभिन्न व्यवस्थाहरु गरिएको छ । यद्यपि यसको प्रभावकारी कार्यान्वयनमा भने कमी रहेको छ ।

***क्षतिपूर्ति र न्यायिक अधिकार :*** खानेपानीका कारण सिर्जना हुन जाने क्षति वापत क्षतिपूर्ति पाउनका लागि राज्यले प्रभावकारी व्यवस्था र संरचना बनाएको हुनुपर्छ । यसले कानून कार्यान्वयनमा समेत मद्दत गर्दछ । नेपालमा खानेपानीकै सन्दर्भमा क्षतिपूर्ति सम्बन्धी कानुनी व्यवस्था नगरिएको भएपनि वातावरण संरक्षण र उपभोक्ता हित संरक्षणसँग सम्बन्धित कानूनहरुमा यस विषयमा सामान्य व्यवस्थाहरु गरिएको छ ।

**(ङ) निजी क्षेत्र र नागरिक समाजको भूमिका** : खानेपानी तथा सरसफाइ सेवा आपूर्तिका लागि निजी क्षेत्र र नागरिक समाजले पनि ठूलो हिस्सा ओगट्दै आएको छ । त्यसैले खानेपानीको पहुँच, गुणस्तर र मात्रा सुनिश्चितताका लागि प्राविधिक सहयोग र सहजिकरणका माध्यमबाट आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यस्तै सूचनाको हक र पूर्ण एवं प्रभावकारी सहभागिता अभिबृद्धिका लागि पनि निजी क्षेत्र र नागरिक समाजले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । नेपालका खानेपानी तथा सरसफाइ नीतिहरुमा पनि निजी क्षेत्र र नागरिक समाजको भूमिका यही किसिमले तय गरिएको छ ।

## २.३ खानेपानी अधिकारको अन्तर्राष्ट्रिय कानुनी आधार

**संयुक्त राष्ट्रसंघीय बडापत्र १९४५** : यस बडापत्रको घारा ५५ अनुसार संयुक्त राष्ट्रसंघले जनताको जीविकाको उच्चस्तर र स्वास्थ्य सम्बन्धी समस्याको समाधानका उपायहरु अगाडी बढाउने कुरालाई महत्व दिएको छ । संयुक्त राष्ट्र संघको सदस्यका हैसियतले यसको बडापत्रमा उल्लिखित कुरालाई कार्यान्वयन गर्न उपयुक्त उपायहरुको अवलम्बन गर्नु सबै राष्ट्रको दायित्व हुन आउँछ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९** : यस महासन्धिको धारा १४ अनुसार पक्षराष्ट्रहरुले खासगरेर ग्रामीण क्षेत्रका महिलालाई जीवन यापनका उपयुक्त अवस्थाहरु अन्तर्गत मुख्य रुपमा आवास, सरसफाइ, विद्युत तथा खानेपानीको व्यवस्था, यातायात तथा सञ्चारसम्बन्धी व्यवस्थाहरु उपयोग गर्न पाउने अधिकार उपलब्ध गराउने छन् भन्ने व्यवस्था गरिएको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि, १९८९** : यस महासन्धिको धारा २४ अनुसार पक्षराष्ट्रहरुले बालबालिकाको स्वास्थ्य सम्बन्धी अधिकारको पूर्ण कार्यान्वयनको लागि वातावरणीय प्रदुषणबाट हुने खतरा र जोखिमहरुलाई मध्यनजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही सहज रुपमा उपलब्ध प्राविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपषोणको विरुद्ध लड्ने कदम चाल्ने छन् भन्ने व्यवस्था गरिएको छ ।

**कैदमा रहेका बालवालिकाहरुको सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय नियम, १९९०** : यस नियमको घारा ३७ अनुसार कैदमा रहेका बालवालिकाको लागि कुनै पनि समयमा शुद्ध पानी पिउन पाउने अधिकारबाट बञ्चित गर्न पाईदैन ।

**अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६** : यस महासन्धिको धारा २८ अनुसार पक्षराष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुका लागि अन्य व्यक्तिहरुलाई सरह शुद्ध खानेपानीको अधिकार सुनिश्चिता गर्ने उपायहरु अवलम्बन गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

**जेष्ठ नागरिक सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरु, १९९१** : जेष्ठ नागरिक सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरु, १९९१ का अनुसार जेष्ठ नागरिकहरुका लागि आफ्नै मेहनत, परिवारको सहयोग र आम्दानीको अवस्थाका आधारमा पर्याप्त मात्रामा स्वास्थ्य सेवा, कपडा, आवास, खानेपानी र खानेकुरामा पहुँच उपलब्ध भएको हुनुपर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

**मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनमा खानेपानी अधिकारको मान्यता** : यहाँ उल्लिखित विभिन्न अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रसंघीय निर्णयहरुका अतिरिक्त मानव अधिकार सम्बन्धी अन्य विभिन्न अन्तर्राष्ट्रिय घोषणा र कानूनहरुमा पनि खानेपानी सम्बन्धी मानव अधिकारलाई अप्रत्यक्ष रुपमा मान्यता प्रदान गरिएको छ । *मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८* को घारा २५ अनुसार प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार रहेको छ, जस अन्तरगत पानी अधिकार पनि अन्तरनिहिति रहेको छ ।

*नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध, १९६६* को धारा ६ मा जीवनको अधिकारलाई मानव अधिकारको रुपमा लिएको छ भने *सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध, १९६६* को धारा १, २, ११ र १२ मा प्राकृतिक स्रोतमाथिको अधिकार, पर्याप्त स्तरको जीवनको अधिकार, आवासको अधिकार, जीवनको अधिकार र वातावरणीय स्वस्थ्यको अधिकारलाई मानव अधिकारको रुपमा लिएको छ । *सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५* को धारा ५ मा आवास, सार्वजनिक स्वास्थ्य र सामाजिक सेवामा भेदभाव गर्न नहुने कुराको सुनिश्चितता गरेको छ । यी सबै मानव अधिकारको उपयोगका लागि खानेपानी र सरसफाइ सम्बन्धी मानव अधिकारको उपयोग अत्यावश्यक छ ।

**अन्तर्राष्ट्रिय मानवीय तथा फौजदारी कानूनमा खानेपानी अधिकारको मान्यता** : *जेनेभा महासन्धिहरु, १९४९ र यसका अतिरिक्त अभिसन्धिहरु, १९७७* मा गरिएका व्यवस्थाहरु अनुसार सशस्त्र युद्ध तथा संघर्षको समयमा पनि युद्धबन्दी सहित युद्धमा सामेल नभएका सबै व्यक्तिको शुद्ध खानेपानी माथिको पहुँच एवं अधिकारलाई युद्धरत तथा अन्य सबै पक्षले सम्मान गर्नुपर्ने कुरालाई स्पष्ट रुपमा जोड दिइएको छ । यी अन्तर्राष्ट्रिय कानून अनुसार शशस्त्र द्वन्द्वको समयमा खानेपानी आपूर्तीका कुनै पनि संरचना विनाश वा कब्जा गर्नमा पूर्ण प्रतिबन्ध लगाइएको छ । त्यस्तै जेनेभा महासन्धिहरु अनुसार युद्धबन्दी राखिएका शिविरहरुमा नुवाइधुवाई, सरसफाइ र स्वास्थ्यको पूर्ण रुपमा वन्दोवस्त गरिएको हुनुपर्छ ।

**अन्तर्राष्ट्रिय वातावरणीय एवं श्रम सम्बन्धी कानूनमा खानेपानी अधिकारको मान्यता** : *मरुभूमीकरण विरुद्धको संयुक्त राष्ट्रिसंघीय महासन्धि, १९९४* को धारा २ र १० मा पक्षराष्ट्रहरुले जीवनस्तर सुधारका लागि पानीको दिगो रुपमा व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिएको छ भने *अन्तर्राष्ट्रिय नदीहरुको उपयोग सम्बन्धी संयुक्त राष्ट्रसंघीय कानून, १९९७* मा जलस्रोतको उपयोग गर्दा न्यायोचितता र औचित्यतालाई ध्यान दिनु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै यस कानून अनुसार आफ्नो देशको नदी बग्दै अरु देशमा पनि पुगेको छ भने त्यस्तो नदीको सरसफाइमा विशेष ध्यान दिनुपर्ने दायित्व तोकेको छ । यस कानूनको धारा १० मा पानीलाई मानवजातिको लागि अति आवश्यकीय वस्तुको रुपमा उल्लेख गरिएको र यसको व्याख्या गर्ने क्रममा खानेपानी पनि अति आवश्यकीय वस्तु अन्तर्गत पर्ने कुरा किटान गरिएको छ । नेपालले यो महासन्धिलाई अनुमोदन नगरेको भएपनि आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अनुसार खानेपानी र यसका मुहान संरक्षणलाई अत्यावश्यक वस्तुको रुपमा संरक्षण गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ ।

आदिवासीहरुको प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चितताका लागि तर्जुमा भएको *अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९* मा गरिएको व्यवस्था अनुसार आदिवासी समुदायमा गरिने विकासका क्रियाकलापहरुमा जीवनस्तरको सुधार र स्वास्थ्यमा सुधार गर्ने कुरालाई विशेष प्राथमिकता दिनु पर्ने व्यवस्था किटान गरिएको छ । त्यस्तै यस महासन्धिको धारा १५ अनुसार आदिवासीहरुको प्राकृतिक स्रोतमाथिको अधिकारलाई विशेष सुरक्षा र मान्यता प्रदान गरिएको हुनुपर्छ, जस अन्तर्गत खानेपानी पनि पर्दछ । यस महासन्धिमा आदिवासी समुदायको प्राकृतिक स्रोतमाथिको अधिकारलाई राज्यले मान्यता र संरक्षण प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

*जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि, १९९२* को धारा ४ मा जलवायु परिवर्तनका कारण जलस्रोतमा परेको प्रभावसँग जुध्न र अनुकूलनका लागि तयार हुनका लागि आवश्यक पर्ने योजना बनाउन विकशित देशहरुले विकासोन्मूख देशहरुलाई सहयोग गर्नुपर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । नेपालले पनि जलवायु परिवर्तनका कारण खानेपानी र स्वास्थ्यमा परेको प्रभाव घटाउनका लागि आवश्यक योजना बनाउनु पर्ने भएकोले यसका लागि राष्ट्रिय अनुकूलन योजना बनाएको छ । त्यसैले यस योजनामा उल्लेख गरिएका कुराहरुको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ ।

*व्यवसायिक स्वास्थ्य सेवा महासन्धि, १९८५* को धारा ५ मा कार्यस्थलमा उपयुक्त किसिमको सरसफाइ सेवा उपलब्ध हुनुपर्ने व्यवस्था गरेको छ । यी सबै अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रियस्तरमा पनि स्पष्ट र प्रभावकारी कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ ।

## २.४ मानव अधिकारसम्बन्धी घोषणाहरुमा खानेपानी अधिकार

**संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको टिप्पणी नं. १५** : आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्धको घारा ११ मा पर्याप्त स्तरको जीवन प्राप्त गर्ने अधिकार र धारा १२ मा उच्चतम र पर्याप्त स्तरको शारीरिक स्वास्थ्य उपयोग गर्ने अधिकारलाई मान्यता प्रदान गरिएको छ । संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले यी दुबै धाराहरुको सन् २००२ मा ब्याख्या गर्दै मानवीय आत्मसम्मान सहित जीवन जीउनका लागि खानेपानीसम्बन्धी मानव अधिकार एउटा अत्यावश्यकीय कुरा हो, जो अन्य मानव अधिकार उपभोगको लागि पनि नभइ नहुने विषय हो भनेको छ ।

**संयुक्त राष्ट्रसंघीय साधारण सभाको निर्णय, २०१०** : संयुक्त राष्ट्रसंघको सन् २०१० मा सम्पन्न साधारण सभाले शुद्ध खानेपानी र सरसफाइको अधिकारलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गर्ने प्रस्ताव पारित गर्दै यो अधिकार उपयोगका लागि सदस्य राष्ट्रहरुलाई पर्याप्त स्रोत साधन जुटाउन आव्हन गरेको थियो ।

**संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्का निर्णयहरु** : खानेपानीको अधिकारलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गर्नका लागि संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्का निर्णयहरु निकै महत्वका छन्, जसले खानेपानीको अधिकारलाई मानव अधिकारको रुपमा स्थापित गर्न योगदान गर्दै आएको छ ।

**अन्तर्राष्ट्रिय घोषणा र निर्णयमा खानेपानी र सरसफाइ अधिकारको मान्यता** : खानेपानी तथा सरसफाइसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित रहेर आयोजना गरिने विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन, कार्ययोजना र प्रतिवद्धताहरुमा खानेपानी र सरसफाइ अधिकारको मान्यताका लागि महत्वपूर्ण निर्णयहरु गरिएको हुन्छ । यसमध्ये केही निर्णयहरु *अनसूची-१* मा उल्लेख गरिएको छ । यी र यस्तै निर्णयहरुले खासगरी महिला र बालबालिकाहरुको खानेपानी र सरसफाइ सम्बन्धी अधिकार प्रवर्द्धनका लागि निकै योगदान गर्दै आएका छन् ।

**क्षेत्रीय दस्तावेजहरु** : खानेपानी अधिकार प्रवर्द्धनका लागि विभिन्न क्षेत्रीय संगठनले आफ्नो क्षेत्रको आवश्यकता अनुसार विभिन्न बडापत्र, घोषणापत्र, अनुबन्ध तथा निर्णयहरु गरी खानेपानीलाई मानव अधिकारको रुपमा स्थापित गरेका छन् । साकोसान (SACOSAN) का घोषणापत्रहरुले पनि खानेपानी र सरसफाइलाई मानव अधिकारको रुपमा स्थापित गर्न निकै योगदान गरेको छ ।

## २.५ खानेपानी अधिकारसम्बन्धी नेपालको संबैधानिक व्यवस्था

विश्वका कैयौं मुलुकका संविधानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खानेपानी र सरसफाइको अधिकारलाई नागरिकको मौलिक हकका रुपमा सुनिश्चित् गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ मा खानेपानी र सरसफाइको हकलाई प्रत्यक्ष किसिमले मौलिक हकको रुपमा नराखिए पनि वातावरण र स्वास्थ्य सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ ।

> **खानेपानीलाई प्रत्यक्ष किसिमले मौलिक हकको रुपमा व्यवस्था गर्ने देशहरु**
> कङ्गो, इक्येडोर, केन्या, निकारागुवा, दक्षिण अफ्रिका, युगाण्ड र उरुग्वे

नेपालको अन्तरिम संविधानको धारा १६ मा गरिएको वातावरण सम्बन्धी मौलिक हकमा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । यस मौलिक हक अन्तर्गत कम्तिमा पनि गुणस्तरयुक्त खानेपानीमा पहुँच भएको हुनुपर्ने, खानेपानी र खानेपानीका स्रोत प्रदुषण गरिएको कारण पर्न गएको क्षति वापत क्षतिपूर्ति पाउने र पर्याप्त खानेपानीका लागि आफ्ना पानीका स्रोतहरुको संरक्षण गर्न पाउने हक पनि अन्तरनिहित भएको मान्नु पर्ने हुन्छ ।

त्यस्तै नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ मा कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थलमा प्रवेश गर्नबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएकोले खानेपानीको हक उपयोग गर्दा भेदभाव गर्न नपाइने कुरा सुनिश्चित् गरिएको छ ।

नेपालमा संवैधानिक रुपमा समानताको हक सुनिश्चित गरिनुका साथै बालक, महिला, वृद्ध तथा अपाङ्गता भएका व्यक्ति वा शारीरिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने संवैधानिक व्यवस्था पनि गरिएको छ । त्यसैले राज्यले बालबालिका, महिला, जेष्ठ नागरिक,

दलित, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका महिला पुरुषको खानेपानी र सरसफाइमाथिको अधिकार प्रवर्द्धनका लागि विशेष कानुनी र नीतिगत व्यवस्थाहरु गर्न सक्दछ ।

## २.६ नेपालमा खानेपानी अधिकार सुनिश्चिततताका मापदण्डहरु

नेपालमा ग्रामीण र शहरी क्षेत्रका लागि आपूर्ति गरिने खानेपानीको परिमाण, पहुँच, गुणस्तर, विश्वसनीयता, निरन्तरता र मूल्यका लागि निम्न अनुसारका अलग-अलग नीतिगत सेवास्तर सम्बन्धी मापदण्डहरु बनाइएका छन् । यी मापदण्डहरु लागु गर्ने समय तालिका निकै लामो अवधीको भएकोले मापदण्डहरु प्रभावकारी रुपमा लागु हुन सकेका छैनन् ।

| ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय रणनीति, २०६० | |
|---|---|
| **खानेपानीको परिमाण** | ● घरेलु उपयोगका लागि प्रतिव्यक्ति प्रतिदिन ४५ लीटर ।<br>● प्रतिव्यक्ति प्रतिदिन न्यूनतम उपलब्धता २५ लीटर |
| **खानेपानीमा पहुँच** | ● धारासम्म पुग्न पार गर्नुपर्ने तेर्सो वा ठाडो दुरी क्रमशः १५० मिटर र ५० मीटर भन्दा बढी हुन नहुने ।<br>● सबै परिवारहरु १५ मिनेटसम्मको आतेजाते दुरीभित्रबाट पानी ल्याउन सक्षम हुनुपर्ने |
| **खानेपानीको गुणस्तर** | ● खानेपानीको गुणस्तर विश्व स्वास्थ्य संगठनका न्यूनतम् मापदण्डहरु अनुकूल हुनुपर्ने |
| **विश्वसनीयता र निरन्तरता** | ● विना जानकारी पानी बन्द नहुने, अनिवार्य मर्मत सम्भार, न्यूनतम् समयमात्र पानी बन्द र खानेपानीमा नगन्य मौसमी परिवर्तन । |
| **खानेपानीको मूल्य** | ● विपन्न परिवारका लागि अनिवार्य सार्वजनिक धाराको व्यवस्था । |
| **खानेपानीको प्राथमिकता** | ● व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न पहिलो प्राथमिकता |

| शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६ | | | |
|---|---|---|---|
| **सेवा** | **उच्च सेवा** | **मध्यम सेवा** | **आधारभूत सेवा** |
| **खानेपानीको परिमाण** | प्रतिव्यक्ति प्रतिदिन १०० लीटर भन्दा बढी | प्रतिव्यक्ति प्रतिदिन ४५-१०० लीटर सम्म | प्रतिव्यक्ति प्रतिदिन ४५ लीटर सम्म |
| **गुणस्तर** | विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड बमोजिम | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ बमोजिम | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ मा ग्रामीण खानेपानीको लागि परिभाषित गुणस्तर |
| **पहुँच** | घरभित्र (पूर्ण जडित धारा) | घर कम्पाउण्ड भित्र (आँगनमा धारा) | १०० मिटरको पैदल दुरीभित्र (आगन वा सामुदायिक धारा) |
| **आपूर्ति समय** | दिनको २४ घण्टा | दिनको २४ घण्टा | दिनको ४ घण्टा |
| **निरन्तरता** | वर्षैभरी | वर्षैभरी | वर्षैभरी |

**खण्ड तीन**

# खानेपानी र सरसफाइमा बालबालिकाको अधिकार

## ३.१ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

खानेपानी र सरसफाइमा बालबालिकाको अधिकारका विषयमा महत्वपूर्ण व्यवस्था गरिएको अन्तर्राष्ट्रिय मूख्य कानुनी दस्तावेजको रुपमा *बाल अधिकार सम्बन्धी महासन्धि, १९८९* रहेको छ । यस महासन्धिको धारा २४ अनुसार पक्षराष्ट्रहरुले बालबालिकाको स्वास्थ्य सम्बन्धी अधिकारको पूर्ण कार्यान्वयनको लागि वातावरणीय प्रदुषणबाट हुने खतरा र जोखिमहरुलाई मध्यनजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही सहज रुपमा उपलब्ध प्राविधिको प्रयोगद्वारा तथा प्रर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपषोणको विरुद्ध लडने कदम चाल्ने छन् भन्ने व्यवस्था गरिएको छ । त्यसैले यस महासन्धिले बालबालिकाको खानेपानी अधिकारलाई बालबालिकाले रोग र कुपोषण विरुद्ध जुभ्mने कदमका रुपमा लिएकोले खानेपानीको अधिकारको दायरा निकै व्यापक भएको कुरा स्पष्ट पारेको छ ।

त्यस्तै *कैदमा रहेका बालवालिकाहरुको सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय नियम, १९९०* पनि बालबालिकाको खानेपानीमाथिको अधिकार सुनिश्चितताका लागि गरिएको अर्को महत्वपूर्ण कानून हो, जसको धारा ३७ अनुसार कैदमा रहेका बालवालिकाहरुको लागि कुनै पनि समयमा शुद्ध पानी पिउन पाउने अधिकारबाट बञ्चित गर्न पाईदैन । यसरी खानेपानी र सरसफाइमाथि बालबालिकाको अधिकारका बारेमा गरिएका अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरु निकै स्पष्ट रहेका छन् । यद्यपि, यसको कार्यान्वयनको लागि राष्ट्रियस्तरमा पनि उत्तिकै स्पष्ट कानुनी र संस्थागत संरचना बनाई यस्ता कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ ।

## ३.२ नेपालमा खानेपानी र सरसफाइमा बालबालिकाको अधिकार

नेपालमा बालबालिकाको अधिकारका विषयमा विभिन्न कानुनी र संबैधानिक व्यवस्थाहरु समेत गरिएको छ । यी विभिन्न कानुनी व्यवस्थाहरु साधारण प्रकृतिका भएकोले बालबालिकाको अधिकारका सन्दर्भमा गरिएका कानुनी व्यवस्थाहरुमा बालबालिकाको खानेपानीको अधिकारका विषयमा भने खासै विशेष व्यवस्थाहरु गरिएको छैन । नेपालमा खानेपानी र सरसफाइमा बालबालिकाको अधिकारका विषयमा गरिएका केही सामान्य व्यवस्थाहरु *अनुसूची-२* मा राखिएको छ । यी कानूनमा उल्लिखित व्यवस्थाका महत्वपूर्ण पक्षहरु निम्न अनुसार रहेका छन् :

**बालबालिकाका मौलिक हक र खानेपानी तथा सरसफाइको अधिकार** : नेपालको अन्तरिम संविधानको धारा २२ मा प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ भन्ने स्पष्ट व्यवस्था गरिएको छ । पालनपोषणको हक अन्तर्गत खानेपानीको हक र आधारभूत स्वास्थ्यको हक अन्तर्गत सरसफाइको हक स्वतः समावेश भएको मान्नुपर्ने हुन्छ । त्यसकारण नेपालमा बालबालिकाको लागि खानेपानी र सरसफाइ सम्बन्धी प्रत्यक्ष मौलिक हकको व्यवस्था नगरिएको भएपनि पालनपोषण र स्वास्थ्यको हक अन्तर्गत नै यी हकहरु प्रचलन हुन सक्दछन् । त्यसैले बालबालिकाको खानेपानी र सरसफाइ सम्बन्धी अधिकारका लागि संविधानमा उल्लिखित मौलिक हकहरु एकहदसम्म सकारात्मक रहेको मान्नुपर्ने हुन्छ । यद्यपि, संविधानमा गरिएका बालबालिकाको मौलिक हकसँग तालमेल खाने किसिमका कानुनी र संस्थागत व्यवस्था गरिनु पर्ने हुन्छ ।

**जलस्रोत, खानेपानी र सरसफाइ सम्बन्धी कानूनमा बालबालिकाको अधिकार** : नेपालका जलस्रोत, खानेपानी र सरसफाइ सम्बन्धी कानूनहरुमा बालबालिकाको अधिकारका बारेमा केही समान्य व्यवस्थाहरु मात्र गरिएको छ, जसमध्ये केही व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- खानेपानी आपूर्ति गर्दा शिक्षण संस्था, अनाथालय, विद्यालय, छात्राबास आदीलाई प्राथमिकता दिनुपर्ने र यस्ता सार्वजनिक संस्थामा खानेपानी आपूर्ति गर्दा दस्तुर नलाग्ने ।
- जलस्रोतको उपयोग सम्बन्धी आयोजनाको निर्माणका क्रममा तयार गर्ने वातावरणीय प्रभाव मूल्यांकनमा बालबालिकाको हितलाई ध्यान दिनु पर्ने ।
- प्रत्येक बालबालिकालाई स्वस्थ्यको हक हुने ।

- बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा रहेका बालबालिकालाई उपयुक्त स्वास्थ्य र सरसफाइको व्यवस्था गर्नुपर्ने ।

खानेपानी र सरसफाइमा बालबालिकाको अधिकारका लागि गरिएका यी व्यवस्थाहरु सकारात्मक रहेपनि पर्याप्तभने छैनन् । त्यसैले नेपालमा बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले निर्दिष्ट गरे अनुसार थप स्पष्ट र प्रभावकारी कानून तर्जुमा गरी सोको कार्यान्वयन हुनु आवश्यक छ ।

## ३.३ खानेपानी र सरसफाइ नीतिमा बालबालिकाको अधिकार

नेपालमा खानेपानी र सरसफाइको विषयमा विभिन्न नीति, रणनीति र योजनाहरु तर्जुमा गरिएका छन् । यसमध्ये खानेपानी र सरसफाइका सन्दर्भमा हाल प्रचलनमा रहेका मुख्य नीति, रणनीति र योजनाहरुबारे अनुसूची-३ मा उल्लेख गरिएको छ । उक्त नीतिहरुमा खानेपानी तथा सरसफाइमा बालबालिकाको अधिकार प्रवर्द्धनका लागि गरिएका मुख्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- पानी ओसार्नका लागि बालबालिकाहरुले लगानी गर्ने श्रम र समयको बचत गरी शिक्षामूलक कार्यमा लगाउने ।
- बालबालिकामा सरसफाइका लागि विशेष कार्यक्रम र प्रचार-प्रसार गर्ने ।
- वार्ड स्तरसम्म वातावरणीय शिक्षा तथा सरसफाइ सेवा उपलब्ध गराइने ।
- जलवायु परिवर्तन सम्बन्धी कार्यमा बाल-बालिका तथा युवाको सहभागिता सुनिश्चित गरी जलवायु अनुकूलन सम्बन्धी कार्यको कार्यान्वयन गर्ने ।
- बाल मृत्यूदरलाई ४७ प्रतिशतमा झार्ने ।
- सबै किसिमका सेवा र सुविधाहरुमा बालबालिकाको पहुँच बढाउने ।

नेपालको खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिहरुमा बालबालिकाको पहुँचका लागि गरिएका व्यवस्थाहरु केहीहदसम्म उपयुक्त रहेका छन् । यद्यपि, यी नीतिहरुमा निम्न अनुसारका कमी कमजोरीहरु रहेका छन् :

- खानेपानी तथा सरसफाइ सम्बन्धी नीति निर्माण र कार्यान्वयनमा बालबालिकाको सहभागिता, प्रतिनिधित्व र क्षमता अभिवृद्धिका लागि उपयुक्त व्यवस्थाहरुको अभाव रहेको ।
- नीतिहरुका बीचमा आपसी तालमेल नहुनु र नीति कार्यान्वयन गर्ने धेरै निकायहरु भएपनि यी निकायहरुका बीचमा समन्वय र सहकार्यको कमी ।
- अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय नीति अनुसारका कानूनहरुको अभाव र नीति कार्यान्वयनको निरन्तर अनुगमनको कमी ।

त्यसैले नेपालमा बालबालिकाको अधिकार समेत सुनिश्चित् हुने गरी खानेपानी तथा सरसफाइका लागि एउटा छुट्टै विशेष कानूनको तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयनका लागि सबै निकायहरुका बीचमा समन्वय हुने संस्थागत संयन्त्रको निर्माण गर्नु आवश्यक छ । यस्तो अवस्थाको सिर्जना भएमा मात्र खानेपानी तथा सरसफाइमा बालबालिकाको अधिकार प्रवर्द्धनका लागि सहयोग पुग्न सक्छ ।

### खण्ड चार

# खानेपानी र सरसफाइमा महिला अधिकार

## ४.१ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

खानेपानी र सरसफाइमा महिलाको अधिकारका विषयमा स्पष्ट व्यवस्था गरिएको अन्तर्राष्ट्रिय मूख्य कानुनी दस्तावेज नै *महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९* हो । यस महासन्धिको धारा १४ अनुसार पक्षराष्ट्रहरुले खासगरेर ग्रामीण क्षेत्रका महिलालाई जीवन यापनका उपयुक्त अवस्थाहरु अन्तर्गत मुख्य रुपमा आवास, खानेपानी, सरसफाइ, विद्युत, यातायात तथा सञ्चार सम्बन्धी व्यवस्थाहरु उपयोग गर्न पाउने अधिकार उपलब्ध गराउने छन् भन्ने व्यवस्था गरिएको छ ।

यद्यपि, महिलाहरुका लागि खानेपानी र सरसफाइ सम्बन्धी यो अधिकार उपयोगका लागि उक्त महासन्धिको धारा १४ मा व्यवस्था गरिएको लैङ्गिक समानता र ग्रामीण विकासको प्रतिफलमा सहभागी हुन पाउने अधिकारको सुनिश्चितता गर्नु आवश्यक हुन्छ । त्यसैले, खानेपानी र सरसफाइको अधिकार उपभोगका लागि आवश्यक पर्ने अन्य अधिकारको उपभोगलाई पनि सँगसँगै हेरिनु आवश्यक हुन्छ । यसका साथै महासन्धिलाई व्यवहारिक रुप दिनका लागि राष्ट्रिय नीति, कानून र कार्यक्रममा गरिएका व्यवस्थाहरुमा पनि महासन्धिको प्रभावकारिता निर्भर गर्दछ । त्यसैले महासन्धिसँग सम्बन्धित राष्ट्रिय कानूनको पनि समीक्षा हुनु आवश्यक हुन्छ ।

## ४.२ नेपालको कानुनी व्यवस्था र खानेपानीमा महिला अधिकार

नेपालमा खानेपानी तथा सरसफाइमा महिला अधिकारका लागि भनी विशेष नीगिगत र कानुनी व्यवस्था गरिएको छैन । यद्यपि, यस विषयमा विभिन्न कानूनमा अप्रत्यक्ष रुपमा केही समान्य व्यवस्थाहरु गरिएको छ, जसका आधारमा नेपालमा खानेपानी तथा सरसफाइमा महिला अधिकारको वर्तमान अवस्था के कस्तो रहेको छ र यसमा के कस्ता विषयहरु सुधार गर्नु आवश्यक छ भन्ने कुरा पहिचान गर्न सकिन्छ । नेपालमा खानेपानी र सरसफाइमा महिला अधिकारका विषयमा गरिएका केही सामान्य व्यवस्थाहरु *अनुसूची-२* मा राखिएको छ । यी कानूनमा उल्लिखित व्यवस्थाका आधारभूत पक्षहरु निम्न अनुसार रहेका छन् :

**मौलिक हकको रुपमा खानेपानी तथा सरसफाइ** : नेपालको अन्तरिम संविधान २०६३ मा खानेपानी र सरसफाइको हकलाई मौलिक हकको रुपमा राखिएको छैन् । यद्यपि, संविधानमा वातावरण र स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा राखिएकोले यसै हक अन्तर्गत खानेपानी र सरसफाइको हक पनि अन्तरनिहित भएको मान्न सकिन्छ । त्यस्तै नेपालको अन्तरिम संविधानले जलस्रोत लगायत प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिनुपर्ने नीति अङ्गिकार गरेकोले खानेपानीमा पनि स्थानीय समुदाय र त्यसमा पनि खासगरी महिला समुदायको सहभागिता र अधिकार प्रवर्द्धनका लागि राज्यले विशेष महत्व दिनुपर्ने हुन्छ । संविधानमा महिलाको समानताको हक, महिलालाई भेदभाव गर्न नपाइने व्यवस्था र महिलाको प्रजनन् सम्बन्धी हकको समेत व्यवस्था गरिएकोले यी मौलिक हकको उपयोग गर्दा खानेपानी तथा सरसफाइको अधिकार पनि अन्तरनिहित भएको मान्नु पर्ने हुन्छ ।

**जलस्रोत कानूनमा महिलाको खानेपानी तथा सरसफाइ सम्बन्धी अधिकार :**

नेपालमा जलस्रोत व्यवस्थापनका लागि जलस्रोत ऐन, २०४९, जलस्रोत नियमावली, २०५० र स्थानीय स्वायत्त शासन ऐन, २०५५ जस्ता विभिन्न कानूनहरुको तर्जुमा गरिएको छ । यी मध्ये जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ । नेपालमा खानेपानीको चाँजोपाँजो मिलाउने कार्यमा महिलाहरुले अधिकांश समय खर्चिदै आउनु परेको अवस्थामा जलस्रोत ऐनले जलस्रोत उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता दिनुपर्ने व्यवस्था गर्नुले केही हदसम्म यो कानून महिलामूखी छ भन्न सकिन्छ ।

> **नेपालका खानेपानी सम्बन्धी कानूनहरु**
> नेपाल खानेपानी संस्थान ऐन, २०४६
> पानी कर ऐन, २०२३
> खानेपानी सेवा दस्तुर (असुल उपर गर्ने) नियमावली, २०५०
> खानेपानी नियमावली, २०५५
> खानेपानी महशुल निर्धारण आयोग ऐन, २०६३
> खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३
> ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (गठन) आदेश, २०५२
> खानेपानी तथा सरसफाइ- सहलगानी आयोजना कार्यान्वयन निर्देशिका, २०६८

यद्यपि, यस कानूनमा जलस्रोत व्यवस्थापनको समग्र संस्थागत संरचनामा महिलाको सहभागिताको बारेमा कुनै पनि व्यवस्था नगरिएकोले यसमा सुधार हुनु आवश्यक छ ।

नेपालमा जलविद्युतको विषयमा विद्युत ऐन, २०४९ र विद्युत नियमावली, २०५० तर्जुमा गरिएको छ । यी दुबै कानूनहरु अनुसार जलविद्युत उत्पादन गर्दा कुनै न कुनै रुपमा खानेपानीको प्रसङ्ग आउने भए तापनि यी कानूनहरुमा महिला अधिकारको विषयमा केही पनि व्यवस्था गरिएको छैन ।

**खानेपानी सम्बन्धी कानूनमा महिला अधिकार** : नेपालमा खानेपानीको विषयमा व्यवस्था गर्नका लागि प्रत्यक्ष रुपमा ४ वटा ऐन, ३ वटा नियमावली, १ वटा गठन आदेश र १ वटा निर्देशिकाको तर्जुमा गरिएको छ । यी कानूनहरुमा खानेपानीमाथिको महिला अधिकारका सन्दर्भमा गरिएका केही सकारात्मक व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- खानेपानी संस्थानको सञ्चालक समितिमा २ जना महिला हुनुपर्ने ।
- खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्दा कार्यकारी समितिमा ग्रामीण क्षेत्रमा भए कम्तिमा २ जना र साना शहरीमा भए कम्तिमा ३ जना महिला हुनुपर्ने ।
- खानेपानी महशुल निर्धारण आयोगको गठन गर्दा महिला, दलित र जनजातिमध्येबाट १ जना नियुक्त गर्नुपर्ने ।
- सार्वजनिक शिक्षण संस्था, अस्पताल, पुस्तकालय, आनाथालय, धार्मिक संस्था मन्दिर, पाटी पौवा इत्यादिमा जडान भएको धारामा पानी कर नलाग्ने ।
- खानेपानी आपूर्ति गर्ने उपभोक्ता समिति वा संस्थाले खानेपानी आपूर्ति गर्दा स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम तथा समाजिक संस्थाका साथै विद्यालय र छात्रावासलाई पनि प्राथमिकता दिनुपर्ने ।
- ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्ने गैससको छनौट गर्दा लैङ्गिक समतालाई ध्यान दिएको गैससलाई छनौट गर्ने आधार बनाइएको र महिला प्रविधिक सहयोग सेवा सम्बन्धी व्यवस्था गरिएको ।
- खानेपानीको महशुल निर्धारण गर्दा महशुल तिर्न नसक्ने वर्गको हितलाई पनि ध्यानमा राख्नुपर्ने व्यवस्था गरिएको ।
- साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको तर्जुमा, छनौट, कार्यान्वयन तथा संचालनका प्रत्येक प्रक्रियामा आयोजना क्षेत्रका महिला लगायत सवै तह र क्षेत्रका जनताले समान पहुँच, सेवा, सुविधा र अवसरहरु पाउनु पर्ने ।

नेपालका खानेपानीसम्बन्धी कानूनमा गरिएका यी व्यवस्थाहरु सकारात्मक भएपनि महिलाको खानेपानी तथा सरसफाइ सम्बन्धी अधिकार सुनिश्चितताका लागि यी व्यवस्थाहरु पर्याप्त छैनन् । त्यसैले *महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९* मा खानेपानीको विषयमा गरिएको व्यवस्थालाई मध्यजनर गर्दै खानेपानी र सरसफाइमा महिला अधिकार सुनिश्चितताका लागि नेपालमा नयाँ कानुनी व्यवस्था गर्नु आवश्यक छ ।

## ४.३ खानेपानी र सरसफाइ नीतिहरुमा महिला अधिकार

नेपालमा खानेपानी र सरसफाइको विषयमा विभिन्न नीति, रणनीति र योजनाहरु तर्जुमा गरिदै आएको छ । यसमध्ये हाल प्रचलनमा रहेका मुख्य नीति, रणनीति र योजनाहरुको बारेमा *अनुसूची-३* मा उल्लेख गरिएको छ । उक्त नीतिहरुमा खानेपानी तथा सरसफाइमा महिला अधिकार प्रवर्द्धनका लागि गरिएका मुख्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- साना शहरी र ग्रामीण गरी दुबै क्षेत्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमा महिला सहभागिताको सुनिश्चितता गरिएको ।
- खानेपानी तथा सरसफाइ आयोजना चक्रका सबै निर्णय प्रक्रियामा महिलालाई अनिवार्य रुपमा अर्थपूर्ण संलग्नता गराईने ।
- खानेपानी र सरसफाइलाई सबै तहमा अन्तरसम्बन्धित रुपमा सञ्चालन गर्ने ।
- महिला तथा विपन्न वर्गका लागि खानेपानीको सुपथ महशुल निर्धारणका विकल्पहरु खोजी गर्ने ।
- खानेपानीको परिमाण, पहुँच र गुणस्तरको सुनिनिश्चतताका लागि विद्यमान कानून र मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

नेपालको खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिहरुमा महिलाको सहभागिता, प्रतिनिधित्व, क्षमता अभिवृद्धि र पहुँचका लागि गरिएका व्यवस्थाहरु उपयुक्त र समय सापेक्ष नै रहेका छन् । यद्यपि, यी नीतिहरुमा निम्न अनुसारका कमी कमजोरीहरु रहेका छन् :

- नीतिहरुका बीचमा आपसी तालमेल र नीति कार्यान्वयन गर्ने निकायहरुका बीचमा समन्वय र सहकार्यको कमी ।
- नीति अनुसारका कानूनहरुको अभाव र नीति कार्यान्वयनको निरन्तर अनुगमनको कमी ।

त्यसैले नेपालमा खानेपानी तथा सरसफाइका लागि एउटा छुट्टै विशेष कानूनको तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयनका लागि सबै नीति तथा कानून र निकायहरुका बीचमा समन्वय हुने संस्थागत संयन्त्रको निर्माण गर्नु आवश्यक छ । यस्तो अवस्थाको सिर्जना भएमा खानेपानी तथा सरसफाइमा महिला अधिकार प्रवर्द्धनका लागि समेत टेवा पुग्न सक्छ ।

## ४.४ खानेपानी र सरसफाइमा लैङ्गिक समता र सामाजिक समावेशीकरण

साना शहरी खानेपानी आयोजनाको सफलताका लागि लैङ्गिक समता र सामाजिक समावेशीकरण (Gender Equity & Social Inclusion - GESI) एउटा महत्वपूर्ण पक्ष हो भन्ने कुराको सिकाई भएकोले दोस्रो आयोजना सञ्चालनको शुरुआतसँगै लैङ्गिक समता र सामाजिक समावेशी कार्यक्रम निर्देशिका २०६९ बनाइएको छ । यस्तो निर्देशिका बनाउनु आफैमा एउटा राम्रो पक्ष हो । यस निर्देशिकामा आयोजनाहरुमा लैङ्गिक समता र सामाजिक समावेशीकरणका लागि गरिएका मुख्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- सामाजिक सामावेशीकरण भन्नाले आयोजनाका सबै चरण र प्रक्रियामा महिला, आदिवासी जनजाति, दलित, विपन्न, मजदुर, धार्मिक अप्लसंख्यक, सिमान्तकृत, जोखिममा परेको वर्ग आदिको सहभागिता, प्रतिनिधित्व, पहुँच र निर्णायक भूमिका हुने कुरालाई जनाउने ।
- आयोजनामा लैङ्गिक समता र सामाजिक समावेशीकरणको विषय पूर्वशर्तको रुपमा रहने ।
- आयोजनामा लैङ्गिक समता र सामाजिक समावेशीकरणका आधारमा खण्डीकृत (Disaggregated) सूचनाहरुको विश्लेषण गरिने ।
- लैङ्गिक समता र सामाजिक समावेशीकरणमैत्री कानूनी र सामाजिक वातावरणको सिर्जना हुनुपर्ने र संस्थागत संरचना एवं उपभोक्ता समितिमा समावेशीकरणका साथै प्रमुख पदहरुमध्ये कुनै एक पदमा अनिवार्य महिला प्रतिनिधित्व गराइने ।

- आयोजना तर्जुमा, छनोट, संरचनास्थल छनोट, आर्थिक लगानी, प्रतिफलमा आधारित अनुदान, खानेपानीको उपलब्धता र बाँडफाँड एवं शुल्क आदीमा लैङ्गिक समता र सामाजिक समावेशीकरण कायम गरिने ।
- आयोजनाका सबै संस्थागत संरचना र क्षमता अभिवृद्धि कार्यक्रमहरु लैङ्गिक समता र सामाजिक समावेशीकरणमैत्री हुने ।

कतिपय कमीकमजोरीका अलावा खानेपानी तथा सरसफाई आयोजनामा लैङ्गिक समता र सामाजिक समावेशीकरण निर्देशिका बनाउनु आफैमा राम्रो पक्ष हो, यद्यपि यसको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ ।

**खण्ड पाँच**

# खानेपानी र सरसफाइमा दलित अधिकार

नेपाल सरकार, राष्ट्रिय दलित आयोगका अनुसार ***दलित*** भन्नाले *हिन्दु वर्णाश्रम जाति व्यवस्था र वि.स. १९१० को मुलुकी ऐनका कारण पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र समाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदाय*लाई दलित वर्ग भनी परिभाषित गरिएको छ । नेपालमा पहिचान गरिएका दलित समुदायको सूची *राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६* को अनुसुची-१ अनुसार रहेको छ ।

नेपाली समाजमा विद्यमान जाति व्यवस्था र समाजिक विभेदका कारण अन्य कुराका अतिरिक्त प्राकृतिक स्रोत उपयोगका सन्दर्भमा समेत दलित समुदाय भेदभावमा पर्दै आएको छ । त्यसमा पनि खासगरी खानेपानी र सरसफाइमा त दलित र गैरदलित एवं दलित र दलितका बीचमा अझैपनि निन्दनीय किसिमको विभेद छ, जसका कारण दलित समुदाय खानेपानी र सरसफाइको अधिकारबाट समेत बञ्चित हुँदै वा भेदभावमा पर्दै आएको छ । जातीयता र सामाजिक सम्बन्धका आधारमा गरिने यस्तो किसिमको भेदभावलाई संविधान र कानूनतः पूर्ण रुपमा बर्जित गरिएको छ र कुनै पनि किसिमको भेदमाव कानूनद्वारा दण्डनीय छ ।

## ५.१ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

मानव अधिकार सम्बन्धी सबै अन्तर्राष्ट्रिय कानून अनुसार जातीय भेदभाव पूर्णत गैरकानुनी कार्य हो । जातीय भेदभाव रोक्ने र यस्तो भेदभावमा परेका मानिसहरुलाई न्याय प्रदान गर्नका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धिको रुपमा ***सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५*** रहेको छ । यस महासन्धिमा विभिन्न विषयका अतिरिक्त आवास, सार्वजनिक स्वास्थ्य र सामाजिक सेवामा भेदभाव गर्न नहुने स्पष्ट व्यवस्था गरिएको छ । यस महासन्धिको धारा ५ अनुसार आवासको अधिकार, सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा र सामाजिक सेवा प्राप्त गर्ने अधिकार र सर्वसाधारणको प्रयोगका लागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँचको अधिकारमा कुनै पनि प्रकारको भेदभाव गर्न नपाइने र यस्ता क्षेत्रहरुमा समेत समानताको अधिकारको पूर्ण प्रत्यभूति गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसैले खानेपानी र सरसफाइ जस्तो सर्वसाधारण सबैको प्रयोगका लागि रहेको स्थान र सेवामा दलितका नाममा कसैले कसैलाई पनि भेदभाव गर्न पाइदैन र यस्तो भेदभाव कानूनद्वारा दण्डनीय हुन्छ ।

## ५.२ नेपालमा खानेपानी र सरसफाइमा दलित अधिकार

नेपालमा खानेपानी र सरसफाइमा दलित समुदायमाथि भेदभाव हुँदै आएको छ भन्ने कुरा स्पष्ट नै छ । शहरी क्षेत्रमा यो भेदभाव अव्यक्त रुपमा रहेको छ भने ग्रामीण क्षेत्रमा र खासगरी पश्चिम नेपालमा त दलित र गैरदलितका लागि खानेपानीका अलग अलग धारा वा अलग अलग कुवाहरुको व्यवस्था गरिएको छ, जुन कार्य २१औं शताब्दीको मानव समाजका लागि एउटा कलङ्क जस्तै हो । त्यस्तै दलितका घरहरु गाउँका मुख्य वस्तिभन्दा टाढा र छरिएर रहेकोले आयोजनाको लागत घटाउने नाममा दलितका घरहरुका लागि धारा नै जडान गरिँदैन । यद्यपि यस्तो विभेद अन्त्यका निमित्त केही विरोधका बावजुद स्थानीयस्तरमा अधिकारमुखी अभियानहरु पनि सञ्चालित छन् । विगतमा अलग अलग जातका लागि बनाइएका अलग अलग कुवालाई एउटै कुवा बनाई सबै जातजातिले एउटै कुवाको पानी खाने अभियानहरु सञ्चालित छन । त्यस्तै विगतमा दलितका लागि पानी उपयोग गर्न बञ्चित गरिएका सार्वजनिक तथा सामुदायिक धाराहरुमा दलित समुदायलाई पनि पानी उपयोग गर्न दिने अभियानहरु सञ्चालित छन् । यस्ता अभियानहरुले केहीहदसम्म सफलता हासिल गरेपनि खानेपानी र सरसफाइमा अझै पनि कैयौ विभेदहरु कायमै छन्, जसको अन्त्यका लागि निरन्तर अभियानको खाँचो छ ।

***नेपालको अन्तरिम संविधान, २०६३ :*** अन्तरिम संविधानको धारा १४ मा गरिएको छुवाछुत तथा जातीय भेदभाव विरुद्धको मौलिक हक अन्तर्गत खासगरी निम्न व्यवस्थाहरु गरिएको छ :

- कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन ।

- कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वञ्चित गरिने छैन ।
- कुनै सेवा वा सुविधा वितरण गर्दा त्यस्तो सेवा, सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र वितरण गरिने छैन ।
- जातीय भेदभाव दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ ।

खानेपानी तथा सरसफाइ पनि एक किसिमको सार्वजनिक सेवा सुविधा अन्तर्गत पर्ने विषय भएकोले नेपालको अन्तरिम संविधानमा गरिएको यस किसिमको संबैधानिक व्यवस्थाले यस्तो सेवा सुविधा उपयोगमा जातीयताका आधारमा भेदभाव गर्न नपाइने कुरा स्पष्ट नै रहेको छ । कतिपय ठाउँमा कानुनी चेतनाको अभावमा यस किसिमको भेदभाव हुने गरेको पाइन्छ भने कतिपय ठाउँहरुमा नियतवश भेदभाव गरिएको पनि पाइन्छ । त्यसैले खानेपानी र सरसफाइमा हुने गरेको जातीय भेदभाव अन्त्यका लागि कूननी सचेतना र कानून कार्यान्वयनलाई सँगसँगै लौजानु उपयुक्त हुन्छ ।

***जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ :*** जातीय भेदभाव अन्त्यका लागि तर्जुमा गरिएको यो एउटा महत्वपूर्ण कानून हो, जसमा गरिएका निम्न व्यवस्थाहरु कार्यान्वयन भएमा खानेपानी र सरसफाइमा गरिँदै आएको दलितमाथिको भेदभाव अन्त्य गर्नमा सघाउ पुग्न सक्छ :

- सार्वजनिक स्थानको परिभाषा अन्तर्गत धारा, इनार, कुवा, पोखरी पनि पर्ने ।
- कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव वा छुवाछूत गरी सार्वजनिक स्थानबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने, प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्ण व्यवहार प्रदर्शन गर्न नहुने ।
- त्यस्तो कार्य दण्डनीय हुनुका साथै पीडित पक्षले क्षतिपूर्ति पाउने ।

यस कानून अनुसार कसैले कुनै पनि व्यक्तिलाई सार्वजनिक स्थानको रुपमा रहेका धारा, इनार, कुवा, पोखरी आदीको उपयोगमा जातीय भेदभाव र छुवाछुत गर्न पाइँदैन । कसैले त्यस्तो कार्य गरेमा सो कार्य दण्डनीय हुने र भेदभावका कारण पीडित हुन पुगेको व्यक्तिले पिडकबाट क्षतिपूर्ति समेत पाउने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थाको पूर्ण र प्रभावकारी कार्यान्वयन र अनुगमन गरिएको खण्डमा मात्र पनि खानेपानी र सरसफाइमा हुँदै आएको जातीय भेदभाव अन्त्यका लागि निकै मद्धत पुग्न सक्छ ।

जलस्रोत तथा खानेपानी सम्बन्धी साधारण तथा विशेष कानूनहरुमा जातीय भेदभाव तथा छुवाछुत विरुद्ध स्पष्ट व्यवस्थाहरु गरिएको छैन । यद्यपि, कानूनको दृष्टिमा सबै नागरिक समान हुन्छन् । त्यसैले जलस्रोत तथा खानेपानी र सरसफाइका विषयमा गरिएका कानुनी व्यवस्था अनुसारका सेवा सुविधाको दलित समुदायले पनि विना भेदभाव निर्वाध रुपमा उपयोग गर्न पाउनु पर्ने हुन्छ ।

## ५.३ खानेपानी र सरसफाइ नीतिमा दलित अधिकार

नेपालमा तर्जुमा गरिएका खानेपानी तथा सरसफाइ नीतिहरुमा दलित समुदायका सन्दर्भमा पर्याप्त र विशेष व्यवस्थाहरु गरिएको पाइँदैन । यद्यपि, शहरी, साना शहरी र ग्रामीण खानेपानी तथा सरसफाइका विषयमा तर्जुमा गरिएका विभिन्न नीति, रणनीति र योजनाहरुमा दलित समुदायको अधिकारका विषयमा केही सामान्य व्यवस्थाहरु गरिएको छ । खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिहरुमा दलित समुदायको अधिकारका बारेमा गरिएका केही सामान्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- आयोजनाको तर्जुमा, छनौट, कार्यान्वयन तथा सञ्चालनका प्रत्येक प्रक्रियामा आयोजना क्षेत्रका दलित लगायत सवै तह र क्षेत्रका जनताले समान पहुँच, सेवा, सुविधा र अवसरहरु पाउनु पर्ने ।
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा दलित र सिमान्तकृत वर्गको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने ।
- खानेपानीको महसुल निर्धारण गर्दा सुविधाभिमूख वर्गका लागि सहुलियत दिने व्यवस्था गर्ने ।
- सिमान्तकृत वर्गका लागि शौचालय निर्माण गर्दा अनुदान दिने व्यवस्था गर्ने ।

नीतिगत रुपमा गरिएका यी व्यवस्थाहरु दलित समुदायको हितका लागि उपयोगी भएपनि यस्ता नीतिगत व्यवस्थाहरुको कार्यान्वयनमा कैयौं कठिनाइहरु रहेका छन् । एकातर्फ दलित समुदायको हितका लागि गरिएका व्यवस्थाहरुको प्रचार प्रसार र सचेतनाको अभाव रहेको छ भने अर्कोतर्फ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा दलितको समानुपातिक प्रतिनिधित्व गराउनमा विभिन्न वर्गबाट अनुचित किसिमको अवरोध सिर्जना गर्ने गरिन्छ । त्यस्तै विपन्न वर्ग अन्तर्गत पर्ने दलित समुदायलाई सहुलियत, सुविधा र अनुदान दिने कुरामा समेत अवरोधहरु आउने गरेका छन् ।

त्यसैले खानेपानी तथा सरसफाइमा दलित अधिकारलाई प्रवर्द्धन गर्नका लागि तर्जुमा गरिएका नीतिगत व्यवस्थाहरुको प्रचार प्रसार गरी क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । त्यस्तै दलित अधिकारका लागि गरिएका नीतिगत व्यवस्थाको सदुपयोगमा अवरोध गर्नेहरुलाई राज्यले सचेत गराउने र कारवाही गर्ने सम्मका कार्यहरु गरेमा मात्र दलित समुदायले आफ्ना अधिकार उपयोग गर्ने वातावरण सिर्जना हुन सक्दछ ।

खण्ड छ

# खानेपानी र सरसफाइमा जेष्ठ नागरिकको अधिकार

जेष्ठ नागरिकहरु ज्युदा इतिहास भएकोले जेष्ठ नागरिकसँग भएको अनुभव, सिकाई र ज्ञानलाई उपयोग गर्न सकेमा समाज र खासगरी युवा पुस्ताले धेरै फाइदा लिन सक्छ । खानेपानी र सरसफाइका विषयमा पनि जेष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नका लागि जेष्ठ नागरिकलाई पनि निर्णय प्रक्रियामा सरिक गराउनु पर्ने हुन्छ । त्यस्तै जेष्ठ नागरिकलाई उनिहरुले विगतमा पुऱ्याएको योगदानको सम्मान र कदर गर्दै राज्यले अन्य कुराका अतिरिक्त खानेपानी, स्वास्थ्य र सरसफाइमा पनि न्यायपूर्ण पहुँच, सुविधा र सहयोग उपलब्ध गराउनु न्यायोचित हुन्छ । यसका लागि राज्यका नीति तथा कानूनमा गरिएका व्यवस्थाहरुको पनि निकै महत्व हुन्छ । यस सम्बन्धमा भएका केही कानुनी र नीतिगत व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

## ६.१ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

खानेपानी र सरसफाइमा जेष्ठ नागरिकहरुको अधिकारका विषयमा महत्वपूर्ण व्यवस्था गरिएको अन्तर्राष्ट्रिय मूख्य कानुनी दस्तावेजको रुपमा **जेष्ठ नागरिक सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरु, १९९१** रहेको छ । जेष्ठ नागरिक सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरु १९९१ का अनुसार जेष्ठ नागरिकहरुका लागि आफ्नै मेहनत, परिवारको सहयोग र आम्दानीको अवस्थाका आधारमा राज्यले पर्याप्त मात्रामा स्वास्थ्य सेवा, कपडा, आवास, खानेपानी र खानेकुरामा पहुँच उपलब्ध गराएको हुनुपर्ने व्यवस्था गरिएको छ ।

अन्तर्राष्ट्रिय कानूनमा गरिएका यी व्यवस्थाहरु उपयुक्त भएपनि यसको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रियस्तरमा राज्यले उपयुक्त र प्रभावकारी कानून र संस्थागत व्यवस्थाहरु गर्नुपर्ने हुन्छ । किनकी राष्ट्रिय प्रतिवद्धता, कानून र संस्थागत संरचना नभएमा अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्थाहरु कार्यान्वयनमा आउन सक्दैनन ।

## ६.२ खानेपानी र सरसफाइमा जेष्ठ नागरिकको कानुनी अधिकार

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ मा जेष्ठ नागरिकलाई सामाजिक सुरक्षाको हक हुने भनी मौलिक हकको व्यवस्था गरिएको छ । त्यस्तै राज्यले जेष्ठ नागरिकको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने संबैधानिक व्यवस्था गरिएको छ । संविधानमा उल्लिखित मौलिक हक र राज्यको नीतिमा गरिएका व्यवस्थाहरु जेष्ठ नागरिकको हितका लागि केहीहदसम्म सकारात्मक भएपनि खानेपानी र सरसफाइमाथिको पहुँच र अधिकारका लागि भने पर्याप्त छैनन् । त्यसैले जेष्ठ नागरिकको आधारभूत सेवामा विशेष पहुँचका लागि स्पष्ट संबैधानिक व्यवस्थाका लागि पहल गर्नु आवश्यक छ ।

जेष्ठ नागरिकको हित र सुविधाका लागि तर्जुमा गरिएको विशेष कानूनको रुपमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ रहेको छ । यस ऐनको दफा ९ मा गरिएको छूट र सुविधा सम्बन्धी व्यवस्था अनुसार खानेपानी लगायत सार्वजनिक सेवा प्रदान गर्ने संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरिएको छ । यद्यपि, यो व्यवस्था पनि स्पष्ट र पर्याप्त देखिदैन । त्यसैले खानेपानी र सरसफाइमा जेष्ठ नागरिकको पहुँच र अधिकार स्थापित गराउनका लागि ऐनमा स्पष्ट व्यवस्था गर्नु जरुरी छ ।

## ६.३ खानेपानी र सरसफाइमा जेष्ठ नागरिकको नीतिगत सुविधा

नेपालमा तर्जुमा गरिएका नीतिहरुमा खानेपानी र सरसफाइमा जेष्ठ नागरिकको सेवा सुविधाका लागि केही सामान्य व्यवस्थाहरु गरिएको छ, जसमध्ये केही मुख्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- जेष्ठ नागरिक सेवा केन्द्रहरुमा स्वास्थ्य सेवा उपलब्ध गराइने ।
- सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरुलाई जेष्ठ नागरिक मैत्री बनाइने ।

उल्लिखित नीतिगत व्यवस्था बाहेक खानेपानी र सरसफाइमा जेष्ठ नागरिकको पहुँच, सेवा र सुविधाका लागि कुनै स्पष्ट नीतिगत व्यवस्था गरिएको छैन । त्यसैले यस विषयमा तर्जुमा गरिएका र नयाँ तर्जुमा गरिने नीतिहरुमा खानेपानी र सरसफाइमाथिको जेष्ठ नागरिकको अधिकारलाई बलियो बनाउनका लागि नयाँ र स्पष्ट व्यवस्थाहरु गर्नु नितान्त आवश्यक छ ।

**खण्ड सात**

# खानेपानी तथा सरसफाइमा अपाङ्गता भएका व्यक्तिको अधिकार

अपाङ्गता भएका व्यक्तिहरु विभिन्न कारणले खानेपानी र सरसफाइको अधिकारबाट विमुख वा बञ्चित हुँदै आएका छन् । नेपालमा निर्माण गरिएका प्राय अधिकांश सामुदायिक वा सार्वजनिक धारा र कुवाहरु अपाङ्गमैत्री छैनन् । सार्वजनिक वा सामुदायिक धाराहरु प्राय अग्ला बनाइएको र अपाङ्गमैत्री नभएकोले शारीरिक रुपमा अपाङ्गता भएका व्यक्ति, दृष्टिविहिन र होचा पुड्का व्यक्तिहरु यस्ता सार्वजनिक वा सामुदायिक धाराको पानी उपयोग गर्नबाट बञ्चित छन् ।

त्यस्तै विद्यालय, सरकारी निकाय र सार्वजनिक संस्थाहरुमा निर्माण गरिएका शौचालयहरु पनि अपाङ्गता भएका व्यक्ति, दृष्टिविहिन र होचापुड्काहरुले प्रयोग गर्न नमिल्ने किसिमका छन् । यसरी खानेपानी र सरसफाइका लागि बनाइएका संरचनाहरु नै अपाङ्गमैत्री नभएको कारण अपाङ्गता भएका व्यक्तिहरु खानेपानी र सरसफाइको अधिकारबाट बञ्चित हुनुका साथै सार्वजनिक जीवनका विभिन्न पक्षमा भाग लिएर आफ्नो क्षमता बढाउन पाउने अवसरबाट बञ्चित हुँदै आउनु परेको अवस्था विद्यमान रहेको छ । यही अवस्थालाई मध्यनजर गर्दै यहाँ खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिको अधिकारका सन्दर्भमा के कस्ता कानुनी व्यवस्थाहरु गरिएको छ र यी अधिकार कसरी उपयोग गर्न सकिन्छ भन्ने बारेमा चर्चा गरिएको छ ।

## ७.१ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

खानेपानी र सरसफाइमा अपाङ्गको अधिकारका विषयमा महत्वपूर्ण व्यवस्था गरिएको अन्तर्राष्ट्रिय मूख्य कानुनी दस्तावेजको रुपमा *अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६* रहेको छ । यस महासन्धिको धारा २८ अनुसार सदस्य राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुका लागि अन्य व्यक्तिहरुलाई सरह शुद्ध खानेपानीको अधिकार सुनिश्चितताता गर्ने उपायहरु अवलम्बन गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ । त्यस्तै यस महासन्धिमा सदस्य राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सेवा, सामग्री र वस्तुहरुमा उपयुक्त हुने र थेग्न सक्ने गरी पहुँचको सुनिश्चितता गर्नुपर्ने हुन्छ । यसैगरी यस महासन्धिले सदस्य राष्ट्रहरुलाई अपाङ्गतामैत्री नीति, कानून र पूर्वाधार बनाउन समेत आग्रह गरेको छ । यसका लागि सबै भौतिक संरचनाहरु अपाङ्गता भएका व्यक्तिले उपयोग गर्न सक्ने खालका बनाउनु पर्ने दायित्व पनि महासन्धिले तोकेको छ । राज्यद्वारा अपाङ्गता भएका व्यक्तिहरु व्यक्तिगत रुपमा आत्मनिर्भर हुन सक्ने अवस्थाको सिर्जना गर्नु, भेदभावरहित अवस्थाको सिर्जना गरिनु, जीवनयापनका स्रोतहरुमा पहुँच कायम गराउनु र उपयुक्त अनुकूलनको अवस्था सिर्जना गरिनु यस महासन्धिमा उल्लिखित आधारभूत सिद्धान्त तथा दायित्वहरु हुन् । यी अवस्थाहरुको सिर्जना भएमा मात्र खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिहरुको पनि पहुँच र अधिकार सुनिश्चित् हुन सक्दछ ।

## ७.२ नेपालमा खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिको अधिकार

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ मा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको हक हुने भनी मौलिक हकको व्यवस्था गरिएको छ । यद्यपि, सामाजिक सुरक्षाको हकभित्र खानेपानी र सरसफाइको हक पनि पर्दछ भन्न सकिने अवस्था हुँदैन । संविधानतः राज्य संरचनाका सबै अङ्गहरुमा अपाङ्गता भएका व्यक्तिलाई पनि समानुपातिक समावेशीको आधारमा सहभागी गराउनु राज्यको दायित्व हो । त्यस्तै संबैधानिक प्रावधान अन्तर्गत राज्यले अपाङ्गता भएका व्यक्तिलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भन्ने व्यवस्था समेत गरिएको छ, जसको कार्यान्वयन भने हुन सकेको छैन ।

नेपालका जलस्रोत, खानेपानी र सरसफाइ सम्बन्धी कानूनहरुमा अपाङ्गता भएका व्यक्तिको पहुँच तथा अधिकार सुनिश्चितताका लागि कुनै स्पष्ट व्यवस्थाहरु गरिएको छैन । यद्यपि, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा निम्न व्यवस्थाहरु गरिएको छ, जसका आधारमा नेपालको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी कानूनले अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य, सरसफाइ र सहभागिता सम्बन्धी अधिकारलाई केहीहदसम्म मान्यता प्रदान गरेको देखिन्छ :

- अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्नुपर्ने ।

- अपाङ्गता भएका व्यक्तिले विशेष आर्थिक र सामाजिक सुरक्षा पाउने ।
- अपाङ्गता भएका व्यक्तिले समुदायमा समानताको आधारमा सहभागी हुन पाउने ।

खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि गरिएका उल्लिखित व्यवस्थाहरु सामान्य रुपमा सकारात्मक हुन सक्छन, तर यी व्यवस्थाहरु पर्याप्त भने छैनन् । त्यसैले नेपालमा खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चितताका लागि *अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६* मा निर्दिष्ट गरिए अनुसार थप स्पष्ट र प्रभावकारी कानून तर्जुमा गरी सोको कार्यान्वयन हुनु आवश्यक छ ।

## ७.३ खानेपानी र सरसफाइ नीतिमा अपाङ्गता भएका व्यक्तिको अधिकार

ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी राष्ट्रिय रणनीति, २०६० मा खानेपानीका लागि अनुदान दिँदा अपाङ्गता भएका व्यक्तिहरु भएको घरधुरीलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ । सो बाहेक खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिको पहुँच प्रवर्द्धनका लागि कुनै स्पष्ट नीतिगत व्यवस्थाहरु गरिएका छैनन् । तथापि, नेपालको त्रिवर्षीय विकास योजना (२०६७-२०७०) मा गरिएका निम्न व्यवस्थाहरुले खानेपानी र सरसफाइमा अपाङ्गता भएका व्यक्तिको पहुँच र अधिकार प्रवर्द्धन गर्नमा केही हदसम्म सहयोग पुग्न सक्छ :

- अपाङ्गता भएका व्यक्तिहरुका लागि अवरोधमुक्त र न्यायपूर्ण जीवनयापन गर्न सक्ने गरी सामाजिक आर्थिक पूर्वाधारको विकास गर्ने ।
- सबैका लागि पहुँचको अवधारणा बमोजिम नयाँ निर्माण गरिने वा निर्माणाधिन वा बनिसकेका सार्वजनिक स्थलका सेवा, सुविधा र पूर्वाधारहरुलाई अपाङ्ग मैत्री बनाउने ।

नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि गरिएका संबैधानिक र अन्य सामान्य व्यवस्थाहरु उत्साहजनक नै रहेका छन् । यस्ता व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन भएमा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धन हुन सक्छ । यद्यपि, नीति, कानून र कार्यक्रमको बीचमा तालमेल खानेगरी कार्यान्वयन गर्नका लागि सरकारी निकाय र सरोकारवालाहरुका बीचमा समन्वय र सहकार्य हुनु आवश्यक हुन्छ ।

**खण्ड आठ**

# प्रकोप, आपत्कालिन अवस्था र जोखिममा परेका मानिसहरुको खानेपानी र सरसफाइ अधिकार

नेपालले विभिन्न समयमा तराईमा बाढी, पहाडमा बाढी पहिरो, दुर्गम हिमाली क्षेत्र र पहाडी क्षेत्रमा रोग व्याधी एवं महामारीका कारण प्रकोप तथा आपतकालिन अवस्थाको सामना गर्दै आएको छ । यी सबै आपतकालिन अवस्थाहरुमा खानेपानी र सरसफाइ सम्बन्धी समस्याले भयावह रुप लिएको हुन्छ । दुर्गम क्षेत्रमा ज्ञान तथा सूचना र अन्य सुविधाको अभाव, जथाभावी खुला दिसा गर्ने प्रवृति तथा घनावस्ती र ढल निकास सुविधाको अभावका कारण यी क्षेत्रहरु सरसफाइका दृष्टिले आक्रान्त बन्दै आएका छन् भन्ने कुरा सबैका सामु छर्लङ्ग नै छ । आपतकालिन अवस्था सिर्जना भएका क्षेत्रमा एकातर्फ खानेपानी र सरसफाइ सम्बन्धी सुविधा नभएको र अर्कोतर्फ विद्यमान सुविधाको उपयोग नगरेका कारण झाडापखाला र कहिलेकाँही हैजाको महामारी समेत बढ्दो क्रममा देखा परी कैयौं मानिसहरु विरामी पर्ने र मर्ने गरेका छन् । त्यसैले आपतकालिन अवस्था र जोखिममा परेका मानिसहरुका लागि खानेपानी र सरसफाइ एउटा जटिल चुनौति हो ।

## ८.१ मानवीय सहायता र आपतकालिन उद्धारसम्बन्धी कानून

मानवीय सहायता सञ्चालन गर्ने सबै अन्तर्राष्ट्रिय संघ संस्थाका नियमहरु अनुसार कुनै पनि किसिमको आपतकालिन अवस्थामा अन्य कुराहरुका अतिरिक्त आपतमा परेका महिला पुरुषका लागि खानेपानी र स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्य र सम्बन्धित सबै पक्षको आधारभूत दायित्व हो । यस्तो मानवीय सहायतालाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा राज्यको कानून र समुदायको योजनाद्वारा पनि निर्देशित हुनु पर्दछ ।

नेपालमा आपतकालिन उद्धार र राहतका लागि *दैवी प्रकोप (उद्धार) ऐन, २०३९* तर्जुमा गरिएको छ । यस ऐन अनुसार “दैवी प्रकोप” भन्नाले भूकम्प, आगलागी, आँधीवेरी, बाढी पैह्रो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोप र औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउँछ ।

यस ऐनमा गरिएको व्यवस्था अनुसार आपतकालिन अवस्थामा खानेपानी तथा सरसफाइ लगायत राहत व्यवस्थापनका लागि मुख्य जिम्मेवार निकायको रुपमा केन्द्रीय दैवी प्रकोप उद्धार समिति रहेको छ । *सरसफाइ गुरुयोजना, २०६८* अनुसार जिल्लास्तरमा आपतकालिन समयमा खानेपानी र सरसफाइ प्रवर्धन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरु गर्न खानेपानी र सरसफाइ एकाइले जिल्ला दैवी प्रकोप उद्दार समितिसँग समन्वय गरी आवश्यक कार्यक्रम संचालन गर्ने व्यवस्था गरिएको छ ।

## ८.२ आपत्कालिन अवस्थामा खानेपानी र सरसफाइ

आपत्कालिन अवस्थामा खानेपानी र सरसफाइलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा सरसफाइ गुरुयोजना, २०६८ मा विभिन्न व्यवस्थाहरु गरिएको छ । यस सम्बन्धमा गुरुयोजनामा गरिएका मुख्य नीतिगत व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

- खानेपानी तथा सरसफाइसँग सम्बन्धित सरोकारवालाको प्रतिनिधित्व हुनेगरी जिल्ला तहमा स्थापना गरिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्लष्टर खानेपानी तथा सरसफाइ सम्बन्धी आपतकालिन पूर्व तयारी र सामना सम्बन्धी कार्यका लागि जिम्मेवार रहनेछ ।
- आपतकालिन अवस्थामा विरामी, एचआइभी प्रभावित र जोखिममा परेका वर्ग, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र दुध खुवाउने अवस्थाका महिला आदिलाई सरसफाइ सुविधा पुऱ्याउन विशेष ध्यान दिइनेछ ।
- बाढी र महामारीको जोखिम उच्च भएका प्रत्येक जिल्लामा आपतकालिन सरसफाइ कोष स्थापना गरिनेछ र सो कोषलाई सामुदायिक सचेतना, चर्पी निर्माण, स्वयंसेवक परिचालन आदि कामका लागि उपयोग गरिनेछ ।
- जिल्ला जनस्वास्थ्य कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यायलले झाडा पखाला र हैजा वा अन्य महामारी रोकथामका लागि क्लोरिन र अन्य औषधिको संचित र वितरण गर्ने छन् ।

- स्वास्थ्य स्वयंसेवक, महिला स्वास्थ्य स्वयंसेवीका र  सहजकर्तालाई हरेक जिल्लामा आपतकालिन सरसफाइका सम्बन्धमा चर्पी निर्माण, क्लोरिनको प्रयोग, खानेपानी प्रयोग गर्नु अघि शुद्धिकरणका उपाय, प्राथमिक उपचार आदि विषयमा प्रशिक्षण दिइनेछ । यी स्वयंसेवकलाई जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा आपतकालिन समयमा परिचालन गरिनेछ ।
- यस्तो आपतकालिन अवस्थाका लागि शुद्ध खानेपानी तथा चर्पीको समुचित प्रयोग न्यूनतम मापदण्डका रुपमा अवलम्वन गरिनेछ ।

## खण्ड नौं

# सरसफाइ अधिकार

सरसफाइ अधिकारको सुनिश्चिता नभएसम्म शिक्षाको अधिकार, सामाजिक सुरक्षाको अधिकार, लैङ्गिक मूल प्रवाहीकरणको अधिकार जस्ता सामाजिक विषयसँग जोडिएका अधिकारहरुको उपयोग अधुरो रहने कुराको प्रसस्त दृष्टान्त, अनुभव र अवधारणाहरु रहेका छन् । यस कुरालाई निम्न केही तत्थ्यहरुले पनि पुष्टि गर्दछ :

## ९.१ सरसफाइ अधिकारका चुनौतिहरु

**शिक्षाको अधिकारका लागि खानेपानी र शौचालय** : सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्नुको मुख्य कारण विद्यालयमा खानेपानी, सरसफाइ र शौचालयको अभाव र अव्यवस्था हो भन्ने कुरा स्वयं सरकारी अध्ययनले पुष्टि गरेको छ । त्यसैले खानेपानी, सरससफाइ र शौचालयको विषय शिक्षाको अधिकारसँग जोडिएको छ भन्ने कुरालाई नकार्न मिल्दैन ।

**नारी अस्मिता जोगाउन शौचालय** : कैयौं ग्रामीण क्षेत्र र शहरी क्षेत्रका सुकुम्बासी वस्तिमा समेत शौचालयको अभावका कारण महिलाहरु अध्यारो र असुरक्षित स्थानमा दिसा पिसाव गर्न जाँदा बलात्कारमा परी अस्मिता लुटिने, विषालु सर्प वा जंगली जनावरको आक्रमणमा पर्ने र रोग समेत लाग्ने गरेको छ । यसरी शौचालयको सम्बन्ध महिलाको बाँच्न पाउने अधिकारसँग जोडिएको छ । त्यसैले नारी अस्मिता जोगाउन पनि शौचालय अभियान आवश्यक छ ।

**भेदभाव अन्त्यका लागि शौचालय** : कैयौं सामुदायिक विद्यालयमा शिक्षकका लागि सफा र सुविधासम्पन्न शौचालय बनाइएको हुन्छ भने विद्यार्थीका लागि पुरानो र फोहर शौचालय प्रयोग गर्न बाध्य बनाइन्छ । त्यस्तै कैयौं विद्यालयमा अप्ठ्यारो ठाउँमा वा टाढा वा अध्यारो हुनेगरी शौचालय बनाइएको हुन्छ, जुन शौचालय बालबालिका, अपाङ्ग र छात्रा तथा महिलाका लागि उपयुक्त हुँदैन । त्यसैले यस्ता वर्ग या त विद्यालय जाँदैनन् र गएपनि दिनभरी पानी नखाई बस्न बाध्य हुन्छन् । यस्तो भेदभाव अन्त्य हुने गरी शौचालय बनाउनु पर्छ ।

**माहिनावारीमा शौचालय** : स्वास्थ्य शिक्षा सम्बन्धी सचेतनाको कमीका कारण कैयौं ठाउँमा महिनावारी भएको समयमा महिलाहरुले शौचालय प्रयोग गर्न नपाउने, दिसा पिसाव गर्न साँझ विहानको अध्यारो कुर्नुपर्ने, महिनावारीको समयमा प्रयोग गर्नुपर्ने स्वच्छता सम्बन्धी सामग्री फेर्ने ठाउँ नहुने, पुरुषले नुहाउने ठाउँमा नुहाउन नपाउने, नुहाउने ठाउँको अभाव हुने जस्ता अवरोधहरुका कारण कैयौं महिलाले रोगको शिकार बन्नु परिरहेको छ ।

**अपाङ्गता भएका व्यक्तिलाई शौचालय** : नेपालका सामुदायिक विद्यालय, सरकारी निकाय र सार्वजनिक संस्थाहरुमा बनाइका शौचालयहरु दृष्टिविहिनले उपयोग गर्न नसक्ने अवस्थाका छन् । त्यस्तै प्राय यी सबै स्थानका शौचालयहरु अपाङ्गमैत्री छैनन् । शौचालयका आसपासमा वा अन्यत्र बनाइएका धाराहरु होचा-पुड्काहरुका लागि कुनै पनि अवस्थामा काम नलाग्ने किसिमका छन् । अपाङ्गताका कारण गरिबीको समस्याबाट गुज्रीरहेकाहरुले खानेपानी र शौचालयको प्रबन्ध गर्न नसक्दा निरन्तर समस्यामा पर्दै आएका छन् ।

यी दृष्टान्तहरुले के कुरा स्पष्ट गर्छ भने सरसफाइमाथिको अधिकारको सुनिश्चितताको अभावले गर्दा बालबालिकाहरु शिक्षाको अधिकारबाट र महिला दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका वर्ग समुदायका व्यक्तिहरु आधारभूत सरसफाइको अधिकारबाट बञ्चित हुँदै आएका छन् । गरिब, पिछडिएका र उच्च जोखिमयुक्त वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर भएको कारण समता, समानता, स्वामित्व र सहभागितामा उत्साहजनक अवस्था सिर्जना हुन सकेको छैन ।

## ९.२ सरसफाइ गुरुयोजना २०६८ र सरसफाइ अधिकार

नेपालमा सरसफाइको अधिकार सुनिश्चितताका लागि कानुनी रुपमा स्पष्ट व्यवस्था गरिएको छैन । यद्यपि, सरसफाइका सन्दर्भमा तर्जुमा गरिएको सरसफाइ गुरुयोजना २०६८ मा भने केही राम्रा नीतिगत व्यवस्थाहरु गरिएका छन्, जसमध्ये केही निम्न अनुसार रहेका छन् :

- **गुरुयोजनाको औचित्य** : सन् २०१७ सम्ममा सतप्रतिशत जनतालाई शौचालय सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य र सहस्राब्दी विकास लक्ष्यहरु हासिल गर्न गुरुयोजनाको आवश्यकता रहेकोले गुरुयोजना तर्जुमा गरिएको ।
- **लक्ष्य** : सन् २०१७ सम्ममा आधारभूत स्तरसम्मको सरसफाइमा सबै घरधुरीको पहुँच पुराई सरसफाइ, स्वच्छता, स्वास्थ्य र वातावरणमा सुधार ल्याउनु ।
- **उद्देश्यहरु** : सहभागितामूलक योजना प्रक्रियाका माध्यमबाट समता, समावेशीकरण र दीगोपना सुनिश्चित गर्न सहयोग पुऱ्याउने र गरिब, सामाजिक रुपमा पिछडिएका एवं अन्य सामाजिक रुपमा वञ्चित समूहहरुको शौचालय र अन्य स्वस्थकर बानी व्यवहारको लागि आवश्यक सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने ।
- **सबै विद्यालय र संस्थाहरुमा हुनुपर्ने सरसफाइ सुविधा** : सबै विद्यालयमा बाल, लैङ्गिक र अपांङ्ग मैत्री पानीको सुविधा भएको हुनुपर्ने, विद्यालयका शौचालय बाल, लैङ्गिक र अपाङ्ग मैत्री हुनुपर्ने र त्यहाँ साबुन र पानी सहित हात धुने ठाउँ र महिनावारीको समयमा प्रयोग गरिने स्वच्छता सम्बन्धी सुविधाहरु उपलब्ध भएको हुनुपर्ने ।

> **सरसफाइ गुरुयोजना २०६८**
>
> **लैङ्गिक, बाल र अपाङ्गमैत्री सुविधाका विशेषताहरु**
>
> **लैङ्गिकमैत्री** : लैङ्गिक मैत्री विशेषताहरु अन्तर्गत शौचालय सुरक्षित हुने गरी उपयुक्त स्थानमा बनाइनु पर्ने र त्यसका झ्याल, ढोका र भेन्टिलेसनले गोपनियता कायम गर्नुपर्ने कुराहरु पर्दछन् । विद्यालय र अन्य सार्वजनिक संस्थामा पिउने र सफा गर्ने पानीको अतिरिक्त शौचालयमा छात्रा र शिक्षीकाका लागि महिनावारी सम्बन्धी सरसफाइको सुविधा पनि उपलब्ध हुनुपर्दछ । जस्तैः चर्पी भित्र ढकन भएको बाल्टी वा शौचालयसँगै जोडिएको (बाहिरपट्टी) फोहोर मैला जलाउने सुविधा हुनुपर्दछ ।
>
> **बालमैत्री** : बालमैत्री विशेषताहरु अन्तर्गत पानीका धारा, शौचालयको ढोकाको चावी, चुकुल र झ्यालहरु विभिन्न उमेर समूहका व्यक्तिहरुको उचाई सुहाउँदो हुनुपर्ने जस्ता कुराहरु पर्दछन् ।
>
> **अपाङ्गमैत्री** : अपाङ्ग मैत्री शौचालयका विशेषताहरुमा शौचालयसम्म पुग्ने सजिलो बाटो, ह्वील चेयर अटाउने पर्याप्त ठाउँ र शौचालयमा समात्ने, बस्ने, टेक्ने, आड लिने आदि साधन सुविधाको समुचित व्यवस्था हुनु पर्दछ ।
>
> **ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ राष्ट्रिय रणनीति २०६०**
>
> **अति गरिब घरधुरी**
>
> ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ राष्ट्रिय रणनीति २०६० ले गरिबी पहिचान गर्न तपसिलमा उल्लेख भए अनुरुप केही आधार/सूचकहरु तर्जुमा गरेको छ :
>
> - वर्षको ६ महिनाभन्दा कम अवधिको लागि मात्र खाद्य पर्याप्तता भएका घरधुरी ।
> - दैनिक ज्याला मजदुरी नै आय आर्जनको मुख्य स्रोत भएका घरधुरी ।
> - महिला घरमुली भएको (एकल महिला लगायत) वा वयस्क व्यक्ति नभएको घरधुरी वा वाहृय आर्थिक सहयोग नपाउने घरधुरी र शारीरिक रुपमा अशक्त व्यक्ति रहेका घरधुरी,
> - समुदायले छानेका अन्य सान्दर्भिक आधार/सूचकहरु ।

- **स्थानीय रुपमा व्यवस्थापन गरिने आर्थिक सहयोग संयन्त्र** : सरसफाइ सम्बन्धी कोषमा भएको रकमलाई गरिब, सामाजिक रुपमा पिछडिएका र सीमान्तकृत समूहको शौचालयमा पहुँच बढाउन र कुनै खास ठाउँमा खुला दिसामुक्त अवस्था हासिल गर्ने कुरा सुनिश्चित गर्नेतर्फ परिचालन गर्नुपर्ने । त्यसैले कोषको रकम परिचालन गर्ने क्रममा स्थानीय समुदायको परामर्शमा अति विपन्न, महिला घरमुली भएको घर, अति पिछडिएका वर्गलाई विशेष ध्यान दिइने ।
- **लैङ्गिक मूलप्रवाहीकरण** : सरसफाइ गुरुयोजनाले सरसफाइमा लैङ्गिक मूलप्रवाहीकरणका लागि निम्न नीतिहरु अवलम्बन गर्ने व्यवस्था गरेकोछ :
  - महिला सहभागीतालाई कार्यक्रम संचालनका सम्पूर्ण चरणहरुमा सुनिश्चित गरिनेछ र सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशीलतालाई आत्मसाथ गरिनेछ ।
  - जिल्ला तहका सहजकर्ता लगायत सबै तहका समितिहरुमा कम्तिमा पनि एक तिहाइ सदस्यहरु महिला हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिनेछ र सल्लाहकार टोलीमा समेत समुचित ढङ्गले लैङ्गिक सन्तुलन कायम गरिनेछ ।
  - क्षमता अभिवृद्धि सम्बन्धी सबै तालिम र कार्यशालाहरुमा सहभागीहरुको लैङ्गिक सन्तुलन मिलाइनेछ ।
  - लैङ्गिक सम्वेदनशीलतालाई ध्यानमा राखी वकालत र सूचना, शिक्षा तथा संचार सामग्रीहरु तयार पारिनेछ ।
- **अवसरबाट वञ्चीत समूह र दुर्गम भौगोलिक क्षेत्रहरुका लागि समावेशीकरण** : सरसफाइ गुरुयोजनामा सरसफाइमा समावेशीकरणका लागि निम्न नीतिहरु अवलम्बन गर्ने व्यवस्था गरेको छ :
  - भूमिहीन, अति गरिब, सुकुम्वासी, झोपडीमा बस्ने व्यक्तिहरु र दुर्गम भागमा बस्ने मानिसहरुको शौचालयमा पहुँच अति नै कम रहेकोले यस्ता वर्गलाई शौचालय सुविधामा पहुँच सुनिश्चित गर्न स्थानीय तहका समिति मार्फत स्थानीय रुपले उपयुक्त सहयोग संयन्त्र खडा गरिनेछ ।

- समुदायको योगदान सुनिश्चित गरी यस्ता विशेष लक्षित वर्गलाई कोष, पुरस्कार, वस्तुगत सहयोग आदि मार्फत प्रदान गरिने सहयोगको परिमाणमा लचकता अपनाइ सहयोग उपलब्ध गराउन सकिनेछ ।
- त्यस्ता ठाउँमा स्थानीय रुपमा सुहाउँदा कम लागतका उपयुक्त प्रविधिगत विकल्पहरु अपनाउन समेत जोड दिइनेछ ।

## ९.३ शौचालय निर्माणा लागि अति विपन्नलाई सहयोग अनुदान

स्वास्थ्य र सरसफाइलाई मानवको आधारभूत अधिकार मानिएता पनि सरसफाइमा अति गरिब तथा पिछडिएका वर्गको पहुँच अत्यन्त न्यून छ । त्यसैले स्वास्थ्य र सरसफाइमा यस्ता वर्गको पहुँच बढाउनको लागि विशेष रुपमा पहल गर्नु जरुरी छ । खासगरी सामाजिक रुपमा पिछडिएका समुदायलाई सरसफाइ सुविधाहरुमा पहुँच सुनिश्चित गर्नसहयोग अति नै महत्वपूर्ण र आवश्यक छ ।

अति गरिब परिवारहरुलाई घरायसी शौचालय निर्माणमा सहयोग गर्नु अति नै आवश्यक हुन्छ र यसलाई समूदायको अगुवाइमा पूर्ण सरसफाइको नमूनाबाट स्थानीय स्तरमै सहयोग सम्यन्त्र बनाएर सहयोग गर्नु अपरिहार्य छ । त्यसैगरी खानेपानी तथा सरसफाइ सम्बन्धी अधिकांश आयोजनामा सरसफाइ प्रवर्द्धन सम्बन्धी बजेट व्यवस्थाहरुको परिपालना नभएका कारण त्यसको पनि उचित पालना गर्नमा जोड दिनुपर्ने देखिन्छ ।

## ९.४ पशुपंक्षी तथा जनावरमैत्री खानेपानी र सरसफाइ

खानेपानी र सरसफाइ अधिकारको कुरा गर्दा मानव जातिको अधिकारको कुरा मात्र नभई पशुपक्षी एवं जनवारको अधिकारको कुरा पनि महत्वपूर्ण रुपमा अगाडी आउँछ । त्यसैले वातावरण संरक्षण सम्बन्धी कानून अनुसार खानेपानी तथा सरसफाइ प्रणालीको निर्माण गर्दा घरपालुवा पशुपक्षी तथा जंङ्गली जनावरको आवश्यकता र हितलाई पनि मध्यनजर गर्नुपर्ने दायित्व तोकेको हुन्छ । यसका लागि पानीका स्रोतबाट खानेपानी ल्याउँदा त्यस्ता स्रोतहरुमा घरपालुवा पशुपक्षी तथा जंङ्गली जनावरको लागि आवश्यक पर्ने पानीको मात्रा छोड्नु पर्ने हुन्छ । त्यस्तै यस्ता पशुपक्षी एवं जनावरहरुले सजिलो गरी पानी पिउन पाउने किसिमका संरचनाहरु पनि निर्माण गरिएको हुनुपर्छ । यसले ग्रामीण क्षेत्रमा पशुपालन गर्ने किसान र गोठाला आदीका लागि पनि फाइदा पुग्दछ ।

**खण्ड दश**

# निष्कर्ष र सुझावहरु

खानेपानी र सरसफाइको अधिकार मानव अधिकारको विषय भएकोले यसमा आममानव समुदायको विशेष चाँसो, सरोकार र चिन्ता समेत रहेको हुन्छ । यद्यपि, खानेपानी र सरसफाइका सन्दर्भमा खासगरी महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुका विशेष किसिमका समस्या र सवालहरु भएकोले यो विषय झनै महत्वको छ । किनकी, खानेपानी र सरसफाइमा पहुँचको अभाव वा कमीका कारण सिर्जना हुने जोखिमबाट सबैभन्दा बढी प्रभावित हुने वर्गमा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरु नै पर्दछन् । त्यसैले राज्यले अन्य विषयका अतिरिक्त खानेपानी र सरसफाइ सम्बन्धी नीति, कानून र कार्यक्रम बनाई सोको कार्यान्वयन गर्दा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको हित, पहुँच र अधिकारलाई विशेष महत्व दिनुपर्छ भन्ने कुरालाई मानव अधिकार सम्बन्धी सबै अन्तर्राष्ट्रिय महासन्धिहरुले सुनिश्चित गरेका छन् ।

त्यसैले खानेपानी र सरसफाइमा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको अधिकार सुनिश्चितताका लागि निम्न कुराहरुमा सुधार हुनु उपयुक्त हुन्छ भन्ने कुरालाई यस क्षेत्रका सरोकारवालाहरुले समेत विशेष महत्व दिएका छन् :

## १०.१ कानुनी व्यवस्थामा सुधार हुनुपर्ने विषयहरु

- खानेपानी र सरसफाइको हकलाई नयाँ संविधानको मौलिक हकमा समावेश गर्नुपर्ने ।
- खानेपानी र सरसफाइका विषयमा गरिएका कानुनी व्यवस्थाहरु छरिएर रहेको र एक आपसमा विरोधाभाषपूर्ण अवस्थामा समेत रहेकोले खानेपानी र सरसफाइको विषयमा एउटा एकिकृत र छाता कानूनको तर्जुमा हुनुपर्ने ।
- महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेकाहरुको अधिकारका सन्दर्भमा तर्जुमा भएका अन्तर्राष्ट्रिय कानूनहरुसँग तालमेल हुने गरी राष्ट्रिय स्तरमा नयाँ छाता कानून तर्जुमा गर्ने ।
- छाता कानूनमा समेटिन नसक्ने तर खानेपानी र सरसफाइसँग सम्बन्धित रहेका अन्य कानूनहरुका बीचमा अन्तरकानून समन्वय हुनुपर्ने ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी सबै तहका संरचना र निर्णय प्रक्रियाहरुमा लैङ्गिक सन्तुलन र दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक एवं जोखिममा परेकाहरुको समेत पूर्ण र प्रभावकारी सहभागिता एवं सम्मानजनक प्रतिनिधित्व हुने व्यवस्था गर्ने ।
- राष्ट्रियस्तरमा संविधान र कानूनमा भएका राम्रा व्यवस्थाहरुको व्यापक प्रचार-प्रसार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यी वर्गहरुको क्षमता अभिवृद्धि गर्ने ।

## १०.२ नीतिगत र संस्थागत रुपमा सुधार हुनुपर्ने विषयहरु

- नेपालका जलस्रोत, खानेपानी र सरसफाइ सम्बन्धी नीतिहरुमा पूनरावलोकन गरी खानेपानी र सरसफाइमा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुको प्रतिनिधित्व, सहभागिता, पहुँच र भूमिका प्रवर्द्धनका लागि स्पष्ट व्यवस्थाहरु गर्ने ।
- नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने संरचनाहरु धेरै भएपनि एक आपसमा तालमेल नभएकोले सबै तहमा समन्वयकारी संरचना बनाउने ।
- महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र जोखिममा परेका व्यक्तिहरुका लागि खानेपानी र सरसफाइका क्षेत्रमा उपलब्ध गराउने भनिएको सेवा, सुविधा र सहुलियत उपलब्ध भए नभएको बारेमा नियमित अनुगमन गर्ने संयन्त्रको स्थापना गर्नुपर्ने ।

- विपन्न वर्गलाई सरसफाइ र शौचालयका लागि उपलब्ध गराउने भनिएको अनुदानलाई पारदर्शी रुपमा उपलब्ध गराउनु पर्ने ।
- कानून र नीतिमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने व्यक्ति र संघ संस्थालाई पुरस्कार एवं उत्प्रेरण उपलब्ध गराउने र खानेपानी र सरसफाइमा भेदभाव सिर्जना गर्न खोज्नेलाई दण्डसजाय गर्ने संस्थागत व्यवस्था हुनुपर्ने ।

## अनुसूची-१

## खानेपानी अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा र निर्णयहरुमा खानेपानी र सरसफाइ अधिकारको मान्यता

| अन्तर्राष्ट्रिय घोषणाहरु | घोषणा गरिएका व्यवस्थाहरु |
|---|---|
| **स्टकहोम घोषणापत्र, १९७२** | संयुक्त राष्ट्र संघीय यस घोषणापत्रको पहिलो र दोस्रो सिद्धान्त अनुसार प्रत्येक व्यक्तिलाई स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार रहेको हुन्छ र सावधानीपूर्ण व्यवस्थापनको माध्यमबाट पानी लगायतका प्राकृतिक स्रोतहरु वर्तमान र भावी पुस्ताका लागि सुरक्षित राख्ने उपायहरु अवलम्बन गर्नु राज्यको दायित्व हो । |
| **भोकमरी र कुपोषण उम्मुलन सम्बन्धी विश्वब्यापी घोषणापत्र, १९७४** | यस घोषणापत्रको धारा १ र २ अनुसार प्रत्येक व्यक्तिलाई भोक र कुपोषणबाट मुक्ति पाउने अधिकार रहेको छ र जालस्रोतको अनुचित् शोषणद्वारा व्यक्तिको खाद्यान्नमाथिको अधिकार हनन् हुनु हुँदैन । |
| **मार डेल प्लाटा कार्ययोजना** | सन् १९७७ मा सम्पन्न भएको पानी सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनबाट घोषणा गरिएको मार डेल प्लाटा कार्ययोजनामा आधारभूत आवश्यकताका वस्तुको रुपमा गुणस्तरयुक्त र पर्याप्त मात्रामा सबै मानिसलाई खानेपानीमा पहुँचको अधिकार रहेको घोषणा गरिएको थियो । त्यसपछि मात्र खानेपानी अधिकारलाई मानव अधिकारको रुपमा स्थापित गर्ने अभियानले तिब्रता पाएको हो । |
| **विकासको अधिकार सम्बन्धी घोषणापत्र, १९८६** | सन् १९८६ मा घोषणा गरिएको *विकासको अधिकार सम्बन्धी घोषणा*को ब्याख्या गर्ने क्रममा सन् २००० मा संयुक्त राष्ट्रसंघीय साधारण सभाले पारित गरेको निर्णय अनुसार विकासको अधिकार अन्तर्गत शुद्ध खानेपानीको अधिकार पनि पर्ने र यसलाई आधारभूत मानव अधिकारको रुपमा लिनुपर्ने निर्णय गरिएको छ । |
| **हाम्रो साझा भविष्य** | वातावरण र विकास सम्बन्धी विश्व आयोगले सन १९८७ मा तयार गरेको यो प्रतिवेदन अनुसार स्वास्थ्य र जीवनस्तरको लागि प्रत्येक व्यक्तिलाई वातावरणीय अधिकार रहेको छ । |
| **बालवालिका सम्बन्धी विश्व सम्मेलन, १९९०** | यस विश्व सम्मेलनले सन २००० सम्ममा विश्वका सबै मुलुकहरुले बालबालिकाहरुको संरक्षणको लागि उनिहरुको शुद्ध पानीमाथिको अधिकारलाई सुनिश्चितता गर्ने घोषणा गरेको थियो । |
| **डब्लिन सिद्धान्त** | पानी र वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनद्वारा घोषित चौंथो सिद्धान्त अनुसार पानीको आर्थिक महत्व भएपनि शुद्ध पानी सबैको लागि मानव अधिकारको विषय भएकोले धान्न सक्ने मूल्यमा पानी पाउनु सबै व्यक्तिको मानव अधिकार भएको कुरालाई स्वीकार गरिएको छ । |
| **वातावरण र विकास सम्बन्धी रीयो घोषणापत्र, १९९२** | यस घोषणापत्रको पहिलो सिद्धान्तले वातावरण र विकासको अधिकारलाई मान्यता प्रदान गर्दै स्वास्थ्य र उत्पादनमुलक जीवनको लागि मानवलाई केन्द्रविन्दुमा राखेको छ । |
| **एजेण्डा २१** | यस एजेण्डा २१ को १८औं परिच्छेदले पानी मानव जीवनका सबै पक्षको लागि अत्यावश्यकीय वस्तु भएको, यसको व्यापक सुरक्षाको आवश्यकता रहेको र पानीको सुरक्षाको लागि एकिकृत जलस्रोत व्यवस्थापन गर्नुपर्ने जस्ता कुराहरुको व्याख्या गर्दै आफ्नो विशिष्ट उद्देश्य बनाउँदै व्यक्ति जे जस्तोसुकै अवस्थामा रहेको भए पनि उसलाई शुद्ध पानीमाथिको पर्याप्त पहुँचको अधिकार रहेको कुरालाई मान्यता प्रदान गरेको छ । |
| **आम्सटर्डम घोषणापत्र, १९९२** | वर्तमान र भावी पुस्ताको लागि पर्याप्त मात्रामा शुद्ध पानीमाथिको अधिकार सन्निहित रहेको छ भन्ने कुरालाई यस घोषणापत्रले मान्यता प्रदान गरेको छ । |

| | |
|---|---|
| **मानव अधिकार र वातावरण सम्बन्धी मस्यौदा सिद्धान्त, १९९४** | अल्पसंख्यकहरुको संरक्षण र भेदभाव विरुद्धको मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोगले प्रस्ताव गरेका सिद्धान्तहरु अनुसार प्रत्येक अल्पसंख्यक व्यक्तिहरुलाई आफ्ना प्राकृतिक स्रोतहरु मध्ये जलस्रोतको व्यवस्थापन गर्ने अधिकार पनि रहेको छ । |
| **जनसंख्या र विकास सम्बन्धी विश्व सम्मेलन** | आफु र आफ्ना परिवारको उच्च जीवनस्तरको लागि पर्याप्त पानी प्राप्त गर्ने अधिकार सबै व्यक्तिमा निहित रहेको छ । |
| **वातावरण र विकास सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९९५** | विश्व संरक्षण संघले मसौदाको रुपमा प्रस्तुत गरेको यस प्रतिज्ञापत्रले प्रत्येक पक्ष राष्ट्रहरुले आफ्ना नागरिकहरुलाई शुद्ध पानी उपलब्ध गराउने दायित्व बहन गर्नुपर्ने कुरालाई अगाडी सारेको छ । |
| **विश्व सामाजिक सम्मेलन, १९९५** | यस सम्मेलनले शुद्ध खानेपानीको लागि सार्वजनिक जनचेतना अभिबृद्धि गराउने राज्यको दायित्वलाई महत्वपूर्ण रुपमा लिएको छ । |
| **पानी र दिगो विकास सम्बन्धी अन्तराष्ट्रिय घोषणापत्र, १९९८** | यस घोषणापत्रले पानीलाई मानवीय आधारभूत आवश्यकता परिपूर्ती गर्ने महत्वपूर्ण माध्यमको रुपमा लिँदै यसलाई वर्तमान र भावी पुस्ताको सम्बृद्धिको लागि सदुपयोग गर्नुपर्ने कुरामा जोड दिएको छ । |
| **२१औं शताब्दीमा पानी सुरक्षा सम्बन्धी मन्त्रीस्तरीय घोषणापत्र, २०००** | धान्न सक्ने क्षमता अनुसार प्रत्येक व्यक्तिलाई पर्याप्तमात्रामा पानीमाथिको अधिकार रहेको छ । |
| **दिगो विकास सम्बन्धी विश्व सम्मेलन, २००२** | शुद्ध खानेपानीको अधिकार सुरक्षित गर्नको लागि पर्याप्त व्यवस्थाहरु गर्न प्राथमिकता दिनुपर्ने कुरामा यस सम्मेलनले जोड दिएको छ । |
| **दिगो विकास सम्बन्धी विश्व सम्मेलन, २०१२ (रीयो प्लस २०)** | दिगो विकास सम्बन्धी यस सम्मेलनबाट पारित गरिएको ***हाम्रो चाहनाको भविष्य*** नामक दस्तावेजमा सन् २००५ देखी २०१५ सम्मको दशकलाई ***सबैका लागि पानी*** भन्ने नाराका साथ मनाउने कुरामा प्रतिवद्धता जनाइएको छ भने शुद्ध पानी र आधारभूत सरसफाइमाथिको अधिकारलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गर्ने कुरामा पनि पून: प्रतिवद्धता जनाइएको छ । |

## अनुसूची-२

## खानेपानी र सरसफाइमा बालबालिका, महिला तथा समाजिक बहिष्करणमा परेका समुदायको अधिकार सम्बन्धी नेपालको विद्यमान कानुनी व्यवस्था

| संविधान, ऐन र नियमावलीहरु | कानुनी व्यवस्थाहरु |
|---|---|
| नेपालको अन्तरिम संविधान, २०६३ | • महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन । प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ ।<br>• छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक हुने ।<br>• प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।<br>• महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने ।<br>• स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा राखिएको ।<br>• प्राकृतिक स्रोत साधनको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने राज्यको नीति रहेको । |
| जल स्रोत ऐन, २०४९ | • जलस्रोत ऐनमा महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको विषयमा केही उल्लेख नगरिएको । यद्यपि, यस ऐनको दफा ७ मा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता दिएकोले खानेपानी माथिको महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको पहुँचलाई सहज बनाएको मान्न सकिने ।<br>• जलस्रोतको उपयोग गर्दा वातावरणमा प्रतिकूल प्रभाव पार्न नहुने, जलस्रोतमा कुनै पनि |

| | |
|---|---|
| | किसिमको प्रदुषण गर्न नहुने र जलस्रोतको गुणस्तर तोक्नुपर्ने व्यवस्था गरिएकोले यस्ता व्यवस्थाहरुले महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुहरुलाई हित गर्न सक्ने ।    (दफा १८, १९, २०) |
| जलस्रोत नियमावली, २०५० | ● ठूला परियोजनाहरुका लागि जलस्रोत उपयोग अनुमति पत्र प्राप्त गर्न चाहनेले त्यस्तो परियोजनाबाट पर्ने सामाजिक, आर्थिक, सांस्कृतिक र वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु अवलम्बन गर्नुपर्ने (नियम १७)<br>● महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिको हितलाई ध्यानमा राख्ने कुरा प्रभाव न्यूनिकरणका लागि अभिन्न हुने । |
| विद्युत ऐन, २०४९<br>विद्युत नियमावली, २०५० | ● जलविद्युत सम्बन्धी कानूनमा महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुका अधिकारको विषयमा केही पनि उल्लेख नगरिएको । यद्यपि, विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा वातावरणमा प्रतिकूल असर पार्न नपाइने भएकोले यसबाट महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको हित हुन सक्ने । |
| नेपाल खानेपानी संस्थान ऐन, २०४६ | ● नेपाल खानेपानी संस्थानको सञ्चालक समितिमा २ जना महिला प्रतिनिधिहरु रहने ।<br>● सो बाहेक खानेपानीका सन्दर्भमा महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको अधिकारको बारेमा कुनै व्यवस्था उल्लेख नगरिएको । |
| पानी कर ऐन, २०२३<br>खानेपानी सेवा दस्तुर (असुल उपर गर्ने) नियमावली, २०५० | ● यी दुबै कानूनहरुमा खानेपानीमा महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको अधिकार र सहभागिताका बारेमा केही पनि उल्लेख नगरिएको ।<br>● सार्वजनिक शिक्षण संस्था, अस्पताल, पुस्तकालय, आनाथालय, धार्मिक संस्था मन्दिर, पाटी पौवा इत्यादिमा जडान भएको धारामा पानी कर नलाग्ने । |
| खानेपानी नियमावली, २०५५ | ● खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्दा कार्यकारी समितिमा कम्तिमा २ जना महिला हुनुपर्ने ।<br>● खानेपानी आपूर्ति गर्ने उपभोक्ता समिति वा संस्थाले खानेपानी आपूर्ति गर्दा स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम तथा समाजिक संस्थालाई पहिलो प्राथमिकतामा र विद्यालय र छात्रावासलाई दोस्रो प्राथमिकता दिनुपर्ने (नियम ३०) ।<br>● उक्त व्यवस्था बाहेक यस नियमावलीमा खानेपानीका सन्दर्भमा महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको विषयमा केही पनि उल्लेख नगरिएको । |
| खानेपानी महशुल निर्धारण आयोग ऐन, २०६३ | ● खानेपानी महशुल निर्धारण आयोगको गठन गर्दा महिला, दलित र जनजातिमध्येबाट १ जना नियुक्त गर्नुपर्ने (दफा ३), खानेपानीको महशुल निर्धारण गर्दा उपभोक्ताको बृहत्तर हितलाई ध्यानमा राख्दै र उपभोक्ताको क्रयशक्तिलाई विचार गरी महशुल निर्धारण गर्नुपर्ने (दफा १०), प्रस्तावित महशुल व्यहोर्न नसक्ने तहका उपभोक्तालाई महशुलमा छुट गर्ने सम्बन्धमा तयार गरेको प्रस्तावलाई पनि महशुल निर्धारणको आधार मान्नु पर्ने (दफा ११), विशेष कोषमा जम्मा गरिएको रकम असमर्थ उपभोक्तालाई अनुदान दिने कार्यमा खर्च गरिने (दफा १९) । |
| खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ | ● खानेपानी व्यवस्थापन बोर्डमा उपभोक्ताको संघको प्रतिनिधित्व हुने (दफा १०), उपभोक्ता संरक्षण कोषको स्थापना गर्ने (दफा २९), बोर्डले काम गर्दा सर्वसाधारणको बृहत्तर हित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्ने (दफा १६) उपभोक्ताको समेत सहभागितामा उपसमिति गठन गर्ने (दफा ३३) । |
| ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति ( गठन) आदेश २०५२ | ● ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्ने गैससको छनौट गर्दा लैङ्गिक समतालाई ध्यान दिएको गैससलाई छनौट गर्ने आधार बनाइएको ।<br>● महिला प्रविधिक सहयोग सेवा सम्बन्धी व्यवस्था भएको, सो बाहेक दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र जोखिममा परेका व्यक्तिहरुको बारेमा केही व्यवस्था नगरिएको । |

| | |
|---|---|
| साना शहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका २०६० | ● आयोजनाका प्रत्येक चरणमा महिलाहरुको सहभागिता गराउनु पर्ने ।<br>● समितिका १ जना पदाधिकारी सहित कम्तिमा ३ जना महिला हुनुपर्ने र सरकारी निकायमा सम्पर्कका लागि १ जना महिला र १ जना पुरुष छनौट हुनुपर्ने ।<br>● आयोजनामा लैङ्गिक भूमिका विश्लेषण गरिएको हुनुपर्ने<br>● आयोजनामा स्वास्थ्य र सरसफाइ कार्यक्रम समावेश भएको हुनुपर्ने ।<br>● न्यून आय भएका वर्गलाई शौचालय बनाउन आर्थिक सहयोग गर्ने । |
| खानेपानी तथा सरसफाइ-सहलगानी आयोजना कार्यान्वयन निर्देशिका २०६८ | ● जनचेतना अभिबृद्धि कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>● समन्यायिक हिसावले गरिव तथा पछाडी परेका समुदायका उपभोक्ताहरुलाई पनि खानेपानी तथा सरसफाइको सेवा तथा सुविधा अरु उपभोक्ता सरह उपलब्ध गराउनु उपभोक्ता समितिको दायित्व हुने ।<br>● आयोजनाको तर्जुमा, छनौट, कार्यान्वयन तथा संचालनका प्रत्येक प्रक्रियामा आयोजना क्षेत्रका आदिवासी, जनजाती, महिला, दलित, मधेशी, अपाङ्ग लगायत सवै तह र क्षेत्रका जनताले समान पहुँच, सेवा, सुविधा र अवसरहरु पाउनु पर्ने ।<br>● खानेपानी तथा सरसफाइ महिलाहरुको लागि विशेष सरोकारको विषय भएकोले खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा कम्तीमा तीनजना महिलाको प्रतिनिधित्व रहनु पर्ने । |
| खानेपानी सेवा सञ्चालन निर्देशिका २०६९ | ● सेवा प्रदायकले खानेपानी सेवा उपलब्ध गराउँदा जात, धर्म, वर्ण, लिङ्ग वा राजनीतिक आस्थाका आधारमा विभेद नगरी सबैलाई समान रुपमा खानेपानी सेवा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नुपर्ने ।<br>● सेवा प्रदायकले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित गर्नुपर्ने ।<br>● विपन्न वर्गको पहुँच सुनिश्चित गर्नको लागि सेवा प्रदायकले त्यस्तो विपन्न वर्गले तिर्न बुझाउन सक्ने गरी उपयुक्त महसुल दर निर्धारण गर्नुपर्ने ।<br>● खानेपानी सेवा उपलब्ध गराउँदा समान व्यवहार कायम गराउन र विपन्न वर्गको पहुँच सुनिश्चित गराउनका लागि खानेपानी तथा ढल निकास विभागले पहल गर्नुपर्ने । |
| वातावरण संरक्षण ऐन २०५३ वातावरण संरक्षण नियमावली २०५४ | ● यी कानूनहरुमा जलस्रोत क्षेत्रसँग सम्बन्धित केही प्रस्तावहरु कार्यान्वयनको लागि प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने व्यवस्था गरिएको र यस्तो कार्य गर्दा महिला र विपन्न वर्गको हित अभिवृद्धिका लागि गरिने कार्य र प्रभाव न्यूनिकरण गर्ने कार्यहरुको बारेमा पनि समीक्षा गरिनु पर्ने (अनुसुची १,२) |
| फोहरमैला व्यवस्थापन ऐन, २०६८ | ● स्थानीय निकायले फोहरमैला व्यवस्थापन स्थलबाट प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुका साथै प्रभावित विद्यालयमा वातावरणीय चेतनाका कार्यक्रम गर्ने । |
| स्थानीय स्वायत्त शासन ऐन २०५५ स्थानीय स्वायत्त शासन नियमावली | ● ग्रामीण खानेपानी सम्बन्धमा (१) गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने खानेपानीको आपूर्तिको लागि खानेपानी आयोजना तयार गरी कार्यान्वयन र संचालन गर्ने तथा संभारको व्यवस्था गर्ने, गराउने, (२) गाउँ विकास क्षेत्रभित्र इनार, कुवा, पोखरी, धारा आदिको निर्माण तथा मरमत संभार गर्ने, गराउने र (३) गाउँ विकास क्षेत्रभित्र पानीका मुहानहरूको संरक्षण गर्ने, गराउने ।<br>● नगरपालिकामा (१) नगरपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ, ढुङ्गेधारा आदिको संरक्षण गरी सदुपयोग गर्ने, गराउने, (२) नगरपालिका क्षेत्रमा सरसफाइको कार्यक्रम संचालन गर्ने, गराउने ।<br>● जिल्लास्तरमा ग्रामीण खानेपानी : जिल्ला विकास क्षेत्रको ग्रामीण इलाकामा एक भन्दा बढी गाउँ विकास क्षेत्रका जनताहरूलाई लाभ हुने खानेपानी योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने । |
| राष्ट्रिय महिला आयोग ऐन, २०६३ | ● अन्य कार्यहरुका अतिरिक्त महिलाको हक हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने (दफा ११) । |

| | |
|---|---|
| अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ | ● ऐनको एउटा उद्देश्यअपाङ्गको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्नु रहेको, अपाङ्गले विशेष आर्थिक र सामाजिक सुरक्षा पाउने, स्वास्थ्य सुविधाको हक हुने, समुदायमा समानताको आधारमा सहभागी हुन पाउने । |
| बालबालिका ऐन २०४८ बालबालिका सम्बन्धी नियमावली, २०५१ | ● प्रत्येक बालबालिकालाई स्वस्थ्यको हक हुने, बाल कल्याण समतिको गठन हुने । बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा रहेका बालबालिकालाई उपयुक्त स्वास्थ्य र सरसफाइको व्यवस्था गर्ने । |
| आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७ | ● आपतकालीन बालउद्धार कोषको सञ्चालक समितिमा कम्तिमा एक जना महिला रहने । |
| जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ | ● सार्वजनिक स्थानको परिभाषा अन्तर्गत धारा, इनार, कुवा, पोखरी पनि पर्ने (दफा २) ।<br>● कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव वा छुवाछूत गरी सार्वजनिक स्थानबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने, प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्न नहुने र त्यस्तो कार्य दण्डनीय हुनुका साथै पिडित पक्षले क्षतिपूर्ति पाउने (४, ९) । |
| ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | ● *छूट र सुविधा :* खानेपानी लगायत सार्वजनिक सेवा प्रदान गर्ने संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने (दफा ९) । |
| दैवी प्रकोप ( उद्धार) ऐन, २०३९ | ● “दैवी प्रकोप” भन्नाले भूकम्प, आगलागी, आँधीवेरी, बाढी पैह्रो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोप र औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउँछ<br>● आपतकालिन अवस्थामा खानेपानी तथा सरसफाइ लगायत राहत व्यवस्थापनका लागि मुख्य जिम्मेवार निकायको रुपमा केन्द्रिय दैवी प्रकोप उद्धार समिति रहेको । |

## अनुसूची-३

## खानेपानी र सरसफाइमा बालबालिका, महिला तथा समाजिक बहिष्करणमा परेका समुदायको अधिकार सम्बन्धी नेपालको विद्यमान नीतिगत व्यवस्था

| नीति, रणनीति र योजनाहरु | नीतिगत व्यवस्थाहरु |
|---|---|
| जलस्रोत रणनीति २०५९ र नेपाल जल योजना (२००७-२०२७) | • जलस्रोतको सामाजिक सिद्धान्त अन्तर्गत सन्तुलित रुपमा लैङ्गिक सहभागिता बढाउने कुरा उल्लेख गरिएको । दलित समुदाय, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गको विषयमा यी दुबै दस्तावेजहरुमा कुनै पनि स्पष्ट नगरिएको । |
| शहरी खानेपानी तथा सरसफाइ नीति २०६६ | • *उद्देश्य नं. ३ :* खानेपानी तथा सरसफाइ सम्बन्धी निर्णय प्रक्रियामा खासगरी महिला तथा कमजोर वर्गको प्रतिनिधित्व हुनेगरी आफ्ना सरोकारहरु व्यक्त गर्ने तर्फ सबै व्यवहारिक तहहरुमा उपभोक्ताहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>• महिला र शहरी गरिब तथा सिमान्त वर्गको अधिकार र आवश्यकतालाई सम्बोधन गर्ने र कानुनी रुपमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>• शहरी गरिब तथा कमजोर वर्गको पहिचान गर्ने र यस्ता वर्गको राहतलाई विचार गरी खानेपानीको महसुल निर्धारण गर्ने ।<br>• गरिव र सिमान्त वर्गबाट न्यूनतम् महशुल मात्र लिने र शहरी गरिब समुदायले प्रयोग गर्ने सामुदायिक धारा जस्ता सेवामा अन्तर-अनुदानको व्यवस्था गरिने । |
| ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति २०६०, ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी राष्ट्रिय रणनीति २०६० ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी क्षेत्रगत रणनीति कार्ययोजना, २०६० | • उपभोक्ता समूह गठन गर्दा लैङ्गिक, जातिगत र सुविधाभिमूख वर्गको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने ।<br>• आयोजनाको छनौट गर्दा गरिबी केन्द्रित आयोजनालाई प्राथमिकता दिने । गरिबलाई मर्का पर्नेगरी निजी धारा जडान गर्न नपाइने । आयोजना निर्माण गर्दा अति विपन्नका लागि नगद योगदान अनिवार्य नगरिने ।<br>• पानी ओसार्नका लागि महिला, पुरुष एवं बालबालिकाहरुले लगानी गर्ने श्रम र समयको बचत गरी शिक्षामूलक कार्यमा लगाउने ।<br>• खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा ५० प्रतिशत महिला सहभागिता गराउने र विभिन्न जातजातिको समानुपातिक प्रतिनिधित्व गराउने । पानी ओसार्नका लागि महिलाले लगानी गर्ने श्रम र समयको बचत गरी उत्पादनशील कामका लगाउने । खानेपानी तथा सरसफाइ आयोजना चक्रका सबै निर्णय प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति र पिछडिएको वर्गलाई अनिवार्य रुपमा अर्थपूर्ण संलग्नता गराईने ।<br>• खानेपानी योजनामा ग्रामीण मर्मत सम्भार कार्यकर्ताहरुको छनौट गर्दा बिवाहित महिलालाई प्राथमिकता दिईने । उच्च जोखिम क्षेत्रका विद्यालयमा केटा र केटीहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिने । गरिबी पहिचान गर्ने क्रममा महिला घरमुली भएका घरधुरीलाई पनि एउटा आधार बनाइने ।<br>• शौचालय निर्माण गर्दा महिला घरमुली भएका घरधुरी र गरिब परिवारका लागि अनुदानको व्यवसथा गर्ने ।<br>• गरिव महिला तथा विपन्न परिवारका लागि सुपथ खानेपानी महशुल निर्धारणका विकल्पहरु खोजी गर्ने ।<br>• बालबालिकामा सरसफाइका लागि विशेष कार्यक्रम र व्यापक प्रचार प्रसार गर्ने ।<br>• खानेपानी तथा सरसफाइमा महिला, सबै जातजाति र सुविधाविहिन वर्गहरुको सहभागिता सुदृढ गर्ने । |
| राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ र कार्यान्वयन निर्देशिका २०६२ | • ग्रामीण क्षेत्रमा खानेपानीको गुणस्तर कायम गर्नमा महिलाको भूमिका महत्वपूर्ण भएपनि यस मापदण्ड तथा निर्देशिकामा खानेपानीको गुणस्तर कायम गर्नका लागि महिलाको भूमिका बारेमा केही पनि उल्लेख नगरिएको । |
| सरसफाइ सम्बन्धी | • उपभोक्ता समूहमा अनिवार्य रुपमा ५० प्रतिशत महिला रहनु पर्ने । महिलासम्म पुग्न महिलाकै माध्यम  अपनाईने । सरसफाइ सम्बन्धी सबै प्रक्रियामा महिला सहभागिता गराईने । |

| | |
|---|---|
| नेपालको नीति १९९४ | |
| राष्ट्रिय स्वास्थ्य नीति, २०४८ | ● *वातावरणीय स्वास्थ्य :* व्यक्तिगत सरसफाइको प्रचार-प्रसार, फोहोर मैलाको संकलन र व्यवस्थापन, होटलहरूको खाना, पिउने पानी र अन्य खाद्य पदार्थको जाँच, सामूहिक शौचालयको व्यवस्था जस्ता कार्यक्रमहरू समन्वयात्मक रूपले सञ्चालन गरिने ।<br>● स्वास्थ्य क्षेत्रसँग सम्बन्ध राख्ने कृषि, शिक्षा, खानेपानी र स्थानीय विकासको क्षेत्रहरूसँग हरेक तहमा समन्वय कायम गरिने ।<br>● वार्ड स्तरसम्म वातावरणीय शिक्षा तथा सरसफाइ सेवा उपलब्ध गराइने । |
| सरसफाइ गुरुयोजना, २०६८ | ● **लक्ष्य** : सन् २०१७ सम्ममा आधारभूत स्तरसम्मको सरसफाइमा सवै घरधुरीको पहुँच पुराई सरसफाइ, स्वच्छता, स्वास्थ्य र वातावरणमा सुधार ल्याउनु ।<br>● **उद्देश्य** : विभिन्न उद्देश्यमध्ये एउटा उद्देश्य गरिब, सामाजिक रुपमा पिछडिएका र अन्य सामाजिक रुपमा वञ्चित समूहहरुको चर्पी र अन्य स्वस्थकर बानी व्यवहारको लागि आवश्यक सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने ।<br>● **कुनै पनि विद्यालय र संस्थाहरुमा हुनुपर्ने आधारभूत सरसफाइ सुविधा** : विद्यालयका पानी र चर्पी बाल, लैङ्गिक र अपाङ्गता भएका व्यक्ति मैत्री हुनुपर्ने र त्यहाँ साबुन र पानी सहित हात धुने ठाउँ र महिनावारीको समयमा प्रयोग गरिने स्वच्छता सम्बन्धी सुविधाहरु उपलब्ध भएको हुनुपर्ने ।<br>● अति विपन्न, महिला घरमुली भएको घर र अति पिछडिएका वर्गलाई विशेष ध्यान दिई सरसफाइ कोषको रकम अनुदानको रुपमा उपलब्ध गराउनु पर्ने ।<br>● सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशीलतालाई आत्मसाथ गरिने ।<br>● आपत्कालिन अवस्थामा पनि खानेपानी, सरसफाइ र शौचालयको व्यवस्था गरिने र आपतकालिन अवस्थाको सामना गरिने । आपतकालिन अवस्थामा उच्च जोखिममा परेकाहरुलाई खानेपानी, सरसफाइ र शौचालय सुविधाका लागि विशेष ध्यान दिइने । |
| जलवायु परिवर्तन नीति, २०६७ | ● जलवायु परिवर्तन सम्बन्धी कार्यमा गरिब, दलित, सीमान्तकृत जनजाति, आदिवासी, महिला, बाल-बालिका तथा युवाको सहभागिता सुनिश्चित गरी जलवायु अनुकूलन सम्बन्धी कार्यको कार्यान्वयन गर्ने । |
| अन्तरिम योजना (२०६७-२०७०) | ● उपभोक्ता समूहको नेतृत्व तहमा महिला, आदिवासी जनजाति, दलितको सहभागिता अनुपात वृद्धि गरी महिलाको भूमिकालाई शशक्त र प्रभावकारी बनाउने ।<br>● सरसफाइलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा र अभियानको रुपमा सञ्चालन गरिने ।<br>● २०७० सम्ममा खानेपानी सेवा पुगेको जनसंख्या ८५ प्रतिशत र सरसफाइ सुविधा पुगेको जनसंख्या ६० प्रतिशत पुऱ्याउने र बाल मृत्यूदर ४७ प्रतिशतमा झार्ने<br>● सबै किसिमका सेवा र सुविधहरुमा बालबालिकाको पहुँच बढाउने ।<br>● दलित समुदायलाई स्रोत साधन र सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने र सबै किसिमका उपभोक्ता समूहमा दलितका लागि समावेशी बनाउने ।<br>● जेष्ठ नागरिक सेवा केन्द्रहरुमा स्वास्थ्य सेवा उपलब्ध गराइने ।<br>● सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरुलाई जेष्ठ नागरिक मैत्री बनाइने ।<br>● अपाङ्गता भएका व्यक्तिहरुका लागि अवरोधमुक्त र न्यायपूर्ण जीवनयापन गर्न सक्ने गरी सामाजिक आर्थिक पूर्वाधारको विकास गर्ने । |

**अनुसूची-४**
**खानेपानी तथा सरसफाइ सम्बन्धी संरचनाहरुमा बालबालिका, महिला तथा समाजिक बहिष्करणमा परेका व्यक्तिहरुको सहभागिताको अवस्था**

| कानूनहरु | संस्थागत संरचना | कुल संख्या | सरकारी निकाय बाहेक अन्य सरोकारवाला संख्या | समावेशीकरण |
|---|---|---|---|---|
| खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ | खानेपानी व्यवस्थापन बोर्ड (कार्यकारी समिति) | ७ | स्थानीय उद्योग वाणिज्य संघ, स्थानीय उपभोक्ता संघ, खानेपानी वा सरसफाई सेवा क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरु, विज्ञ (४) | ० |
| खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ | खानेपानी महसुल निर्धारण आयोग | ३ | ० | ० |
| नेपाल खानेपानी संस्थान ऐन,२०४६ | सञ्चालक समिति | ८ | उपभोक्ताको हितको संरक्षणमा संलग्न उपभोक्ताहरूको संस्थाहरू, खानेपानी गुणस्तर सम्बन्धी विशेषज्ञहरू, पर्यावरण वा वातावरण संरक्षणमा संलग्न संस्थाहरू (४) | महिला २ |
| जलस्रोत नियमावली, २०५० | जलस्रोत सेवा शुल्क निर्धारण समिति | ३ | जल उपभोक्ता (१) | ० |
| फोहरमैला व्यवस्थापन ऐन, २०६८ | फोहरमैला व्यवस्थापन परिषद् | २५ | स्थानीय निकायका संघ वा महासंघ, फोहरमैला अति प्रभावित क्षेत्रका प्रतिनिधि, उद्योग वाणिज्य महासंघ, विशेषज्ञ तथा वैज्ञानिक, सामुदायिक संस्था (११) | महिला ५ |
| बालबालिका सम्बन्धी ऐन, २०४८ | केन्द्रीय बाल कल्याण समिति | २१ | सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरु बाल मनोवैज्ञानिक र शिक्षकहरु | बालबालिका ० |
| सरसफाइ गुरुयोजना, २०६८ | राष्ट्रिय सरसफाइ समन्वय समिति | २४ | निजी क्षेत्र, स्थानीय निकाय र विभिन्न समदायका महासंघहरु, गैरसरकारी संघ संस्थाहरु | स्पष्ट व्यवस्था नगरिएको । |

# सन्दर्भ सामग्रीहरु

## संयुक्त राष्ट्रसंघीय महासन्धि, अभिसन्धि र अनुबन्धहरु

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६
अन्तर्राष्ट्रिय नदीहरुको उपयोग सम्बन्धी संयुक्त राष्ट्रसंघीय कानून, १९९७
अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९
कैदमा रहेका बालवालिकाहरुको सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय नियम १९९०
जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२
जेष्ठ नागरिक सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरु १९९१
जेनेभा महासन्धिहरु १९४९ र यसका अतिरिक्त अभिसन्धिहरु १९७७
नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध १९६६
बाल अधिकार सम्बन्धी महासन्धि १९८९
महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९
मरुभूमीकरण विरुद्धको संयुक्त राष्ट्रिसंघीय महासन्धि १९९४
व्यवसायिक स्वास्थ्य सेवा महासन्धि, १९८५
सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५
सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध १९६६
संयुक्त राष्ट्रसंघीय बडापत्र १९४५
संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको टिप्पणी नं. १५
संयुक्त राष्ट्रसंघीय साधारण सभाको निर्णय, २०१०

## अन्तर्राष्ट्रिय घोषणाहरु

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
स्टकहोम घोषणापत्र, १९७२
स्टकहोम घोषणापत्र, १९७२
भोकमरी र कुपोषण उन्मुलन सम्बन्धी विश्वब्यापी घोषणापत्र, १९७४
मार डेल प्लाटा कार्ययोजना, १९७७
विकासको अधिकार सम्बन्धी घोषणापत्र, १९८६
बालवालिका सम्बन्धी विश्व सम्मेलन, १९९०
हाम्रो साझा भविष्य, १९९२
वातावरण र विकास सम्बन्धी रीयो घोषणापत्र, १९९२
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, एजेण्डा २१
आम्सट्रडम घोषणापत्र, १९९२
मानव अधिकार र वातावरण सम्बन्धी मसौदा सिद्धान्त, १९९४
जनसंख्या र विकास सम्बन्धी विश्व सम्मेलन, १९९४
वातावरण र विकास सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९९५
विश्व सामाजिक सम्मेलन, १९९५
पानी र दिगो विकास सम्बन्धी अन्तराष्ट्रिय घोषणापत्र, १९९८
२१औं शताब्दीमा पानी सुरक्षा सम्बन्धी मन्त्रिस्तरीय घोषणापत्र, २०००
दिगो विकास सम्बन्धी विश्व सम्मेलन, २००२
दिगो विकास सम्बन्धी विश्व सम्मेलन, २०१२ (रीयो प्लस २०)

## नेपाल कानून किताव व्यवस्था समितिद्वारा प्रकाशित संविधान, ऐन र नियमावलीहरु

नेपालको अन्तरिम संविधान, २०६३
जल स्रोत ऐन, २०४९
जलस्रोत नियमावली, २०५०
विद्युत ऐन, २०४९
विद्युत नियमावली, २०५०
नेपाल खानेपानी संस्थान ऐन, २०४६
पानी कर ऐन, २०२३
खानेपानी सेवा दस्तुर (असुल उपर गर्ने) नियमावली, २०५०
खानेपानी नियमावली, २०५५
खानेपानी महशुल निर्धारण आयोग  ऐन, २०६३
खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (गठन) आदेश, २०५२
साना शहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०६०
खानेपानी तथा सरसफाइ- सहलगानी आयोजना कार्यान्वयन निर्देशिका, २०६८
खानेपानी सेवा सञ्चालन सम्बन्धी निर्देशिका २०६९
वातावरण संरक्षण ऐन, २०५३
वातावरण संरक्षण नियमावली, २०५४
फोहरमैला व्यवस्थापन ऐन, २०६८
स्थानीय स्वायत्त शासन ऐन २०५५
स्थानीय स्वायत्त शासन नियमावली २०५६
राष्ट्रिय महिला आयोग ऐन, २०६३
अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९
बालबालिका सम्बन्धी ऐन, २०४८ बालबालिका सम्बन्धी नियमावली, २०५१
आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७
जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८
ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
दैवी प्रकोप (उद्धार) ऐन, २०३९
राष्ट्रिय दलित अधिकार आयोग विद्येयक, २०६६

## नेपाल सरकारद्वारा प्रकाशित नीति, रणनीति र योजनाहरु

जलस्रोत रणनीति, २०५९ र नेपाल जल योजना (२००७-२०२७)
शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६
ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, २०६०,
ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी राष्ट्रिय रणनीति, २०६०
ग्रामीण खानेपानी आपूर्ती तथा सरसफाइ सम्बन्धी क्षेत्रगत रणनीति कार्ययोजना, २०६०
राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ र कार्यान्वयन निर्देशिका, २०६२
सरसफाइ सम्बन्धी नेपालको नीति १९९४
राष्ट्रिय स्वास्थ्य नीति, २०४८
सरसफाइ गुरुयोजना, २०६८
जलवायु परिवर्तन नीति, २०६७
अन्तरिम योजना (२०६७-२०७०)

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**
केन्द्रीय कार्यालय, जेसीस मार्ग, थापाथली, काठमाडौं
फोन नं. ०१-४२४९७२०, फ्याक्स नं. ०१-४२४५७३९
पोष्ट बक्स नं. १९९८०
इमेल : fedwasun@wlink.com.np
वेवसाइट : www.fedwasun.org

**प्लान नेपाल**
राष्ट्रिय कार्यालय
श्रीदरबार, ललितपुर-३, पुल्चोक
फोन नं. ०१-५५३५५८०
पोष्ट बक्स नं. ८९८०